का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ साउन २०८१,
आइतबार
28 July 2024,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक १६६ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# हैजाको डर

ललितपुरमा देखा परेको हैजाले उपत्यकावासीलाई त्रसित बनाएको छ । यही बेला कैलालीमा समेत हैजाको संक्रमण पुष्टि भएपछि सरकार देशभर सतर्कता अपनाउनुपर्ने निष्कर्षमा पुगेको छ ।



हैजाका जीवाणु संक्रमित खाना वा पानीको सेवनका कारण लाग्ने गर्दछ । सरसफाइ तथा स्वच्छ खानेपानीको कमीले यो रोग फैलिने सम्भावना रहन्छ ।

**डा. शेरबहादुर पुन**
संक्रामक रोग विशेषज्ञ



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

नेपालमा हैजा फैलँदो अवस्थामा रहेको पाइएको छ । ललितपुरमा देखा परेको हैजाले काठमाडौं उपत्यकावासीलाई त्रसित बनाएको छ । यही बेला कैलालीमा समेत तीन जनामा हैजा संक्रमण पुष्टि भएको छ । कैलालीमा समेत हैजाको संक्रमण पुष्टि भएपछि सरकार देशभर सतर्कता अपनाउनुपर्ने निष्कर्षमा पुगेको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार देशभर १० जनामा हैजा संक्रमण पुष्टि भएको छ । ललितपुरमा मात्रै सात जनामा हैजा पुष्टि भएको छ भने कैलालीमा तीन जनामा हैजा पुष्टि भएको हो ।

चिकित्सकहरूका अनुसार हैजाबाट बच्न व्यक्तिगत सरसफाइ र सम्बन्धित निकायको व्यवस्थापकीय भूमिका महत्वपूर्ण हुन्छ । हैजाको सम्बन्ध सरसफाइबाहेक खानेपानीको आपूर्तिसँग पनि जोडिएको हुन्छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार ललितपुरमा इनारको पानीमा दिसामा देखिने जीवाणु भेटिएको हो । ढलबाट मिसिएको हुनसक्छ । शौचालयको अवस्था र फोहोरको व्यवस्थापन कस्तो छ त्यसले पनि हैजा फैलिने अवस्थासँग अर्थ राख्दछ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका सङ्क्रामक रोग विशेषज्ञ डा शेरबहादुर पुनका अनुसार हैजा 'भिब्रियो कोलेरी' प्रजातिको जीवाणुबाट मानिसमा हुने संक्रमण हो । यसलाई अति सङ्क्रामक झाडापखालासम्बन्धी रोग पनि भनिन्छ। उनी भन्छन्, 'हैजाका जीवाणु सङ्क्रमित खाना वा पानीको सेवनका कारण लाग्ने गर्दछ । सरसफाइ तथा स्वच्छ खानेपानीको कमीले यो रोग फैलिने सम्भावना रहन्छ ।'

उनका अनुसार हैजा संक्रमणका लक्षणहरू पाँच दिनसम्म देखा पर्छन् । हैजा संक्रमण भयो र उपचार समयमा पाएन भने केही घण्टामै संक्रमितको मृत्यु पनि हुनसक्छ । डा. पुनका अनुसार यसका मुख्य लक्षणमा पातलो तथा चौलानी पानी जस्तो दिसा, वाकवाकी र बान्ता हुने, कडा जलवियोजन हुने हुन्छ । कडा लक्षण देखिएमा आँखा गाडिने, मुख »» पृष्ठ २ मा




# जनजाति बाहुल्य लामाको क्याबिनेट, दलित शून्य

संघीय मन्त्रिपरिषद्मा दलितको उपस्थिति नरहेको भनेर भएको आलोचनालाई बागमती प्रदेश सरकारले ख्याल गरेन । बहादुरसिंह लामा नेतृत्वको बागमती प्रदेश सरकारले पूर्णता पाउँदा मन्त्रिपरिषद्मा दलितको उपस्थिति शून्य छ । तर जनजातिको बाहुल्यता छ ।





**शिव विक/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

संघीय सत्ता समीकरण अनुसार फेरिएको बागमती प्रदेश सरकारले पूर्णता पाएको छ । मुख्यमन्त्री बहादुर सिंह लामाले शनिबार सरकारलाई पूर्णता दिएका हुन् ।

तर संघीय मन्त्रिपरिषद्मा दलितको उपस्थिति नरहेको भनेर भएको आलोचनालाई बागमती प्रदेश सरकारले ख्याल गरेन । लामा नेतृत्वको बागमती प्रदेश सरकारले पूर्णता पाउँदा मन्त्रिपरिषद्मा दलितको उपस्थिति शून्य छ । तर जनजातिको भने बाहुल्यता छ ।

एमालेबाट प्रकाश श्रेष्ठ, कृष्णप्रसाद सिलवाल, अमक कुमार मास्के, सुकमाया तामाङ, प्रेमभक्त महर्जन र किरण »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारमा ऋण : शून्य लागतको नैतिक पराजय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन

करिब १२.५ प्रतिशतले कर्जा प्रवाह गर्ने लक्ष्यसहित शुक्रबार सार्वजनिक नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमा वैदेशिक रोजगारीका लागि बिना धितोको ऋण दिने व्यवस्था पनि महत्वका साथ समेटिएको छ ।

नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा बिना धितो ऋण उपलब्ध गराउने व्यवस्था गरिने बताएको छ । सरकारी वा निजी कुन बैंकबाट त्यस्तो ऋण लगानी हुने ? उल्लेख नभए पनि उक्त नीति कार्यान्वयन गर्न सबै वाणिज्य बैंकहरु बाध्यकारी हुन्छन् ।

नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा पनि वैदेशिक रोजगारीमा जानका लागि बिना धितो ऋण दिने व्यवस्था रहेको थियो । बजेट र मौद्रिक नीति दुवै दस्तावेजमा स्वीकार गरेको तथ्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले करिब एक दशकअघिदेखि भन्दै आएको शून्य लागत अर्थात फ्रि भिसा फ्रि टिकटको निर्णयप्रति सरकारी स्तरबाटै भएको अविश्वास र असहमति प्रष्ट देखिएको छ ।

श्रम मन्त्रालयले शून्य लागत भनेपनि वैदेशिक रोजगारको चक्रमा लागत र लगानी छ भन्ने वैदेशिक रोजगार व्यवसायीले शुरुवातदेखि उठाएको विषयलाई नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिले प्रष्टसँग आत्मसात गरेको छ । शून्य लागत अर्थात फ्रि भिसा फ्रि टिकटको निर्णयमा पुनरावलोकन गर्न चाहेको, तर बाह्य दबाब झेल्ने आँट नगरेको श्रम मन्त्रालयको नेतृत्वलाई बजेट र मौद्रिक नीतिले नैतिक बल प्रदान गरिदिएको कतिपय विज्ञहरुको बुझाइ छ ।

गभर्नर महाप्रसाद अधिकारीले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई सस्तो दरमा कर्जा प्राप्त हुने र औपचारिक प्रणालीबाट रकम आइ हाल मुलुकले प्राप्त गरिरहेको रेमिट्यान्स थप बढ्न जाने अपेक्षा गरेर बिना धितो ऋणको व्यवस्था गरिएको बताएका छन् । उनले प्रष्ट भाषामा नभने पनि हुण्डी रोक्ने माध्यम बिना धितो ऋण प्रभावकारी हुन्छ कि भन्ने सरकारी अपेक्षा देखिएको छ ।

गत वर्ष ७ लाख ४१ हजार २ सय ९७ जना युवायुवती वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा म्यानपावर कम्पनीमार्फत पहिलोपटक जाने नयाँ कामदार मात्रै ३ लाख ५३ हजार १ सय ६३ छन् । उनीहरुमध्ये एक जनाले १ लाख »» पृष्ठ २ मा

### मौद्रिक नीतिले पनि देखेन यी व्यवसायीलाई

**काठमाडौं/मस–** नेपाल सरकार र नेपाल राष्ट्र बैंकले बजेट तथा आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमा वैदेशिक रोजगारीमा जाने कामदारका लागि बिना धितोको ऋण दिने व्यवस्था सार्वजनिक गर्दा त्यो सुविधाबाट वैदेशिक रोजगार व्यवसायी भने वञ्चित देखिएका छन् । कोभिड कालदेखि नै कारोबार सञ्चालनका लागि चालु पुँजी अभाव रहेको वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो रहककदै आएको छ ।

उनीहरू इजाजतपत्रका लागि राखेको नगद धरौटीको केही हिस्सा फिर्ता गरिदिन आग्रह गरिरहेका छन् । तर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले व्यवसायीलाई ब्यबसाय संचालनमा राहत दिने विषयमा गृहकार्यसमेत गरेन । »» पृष्ठ २ मा


## यूएईको बहुप्रतिष्ठित अटो मोबाइल कम्पनीमा फ्रि भिषा सहित वैदेशिक रोजगारको अवसर

कम्पनी : STREIT GROUP FZ-LLC शहर : UAE
पुर्व स्वीकृत मितिः २०८१/०४/१० चलानी नं.: ६०२२२७०१ LT. No.:307967

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Electrician | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,२९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Auto Mechanics | 30 | 0 | | 1300 | ४७,२९४ | | | | | | | |
| 3. | Fabricator | 10 | 0 | | 1500 | ५४,५७० | | | | | | | |
| 4. | Finishers | 10 | 0 | | 1300 | ४७,२९४ | | | | | | | |
| 5. | Sandblaster Cum Spray Painter | 30 | 0 | | 2500 | ९०,९५० | | | | | | | |
| 6. | Sprey Painter | 10 | 0 | | 1500 | ५४,५७० | | | | | | | |
| 7. | Stik/tig Welders | 70 | 0 | | 1400 | ५०,९३२ | | | | | | | |
| 8. | Upholsters | 10 | 0 | | 1300 | ४७,२९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २१, २२, २३ र २४ गते (5, 6, 7 & 8 August 2024) मा हुनेछ ।

नोटः उमेर २० देखि ४५ सम्मको हुनपर्ने, सम्बन्धित काममा अनुभव भएको र GCC लाई विशेष प्राथमिकता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Empower Human Resources Management Pvt. Ltd Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057 9813657032 | 9851049746 | 9806080426, 9823040845 | 9801081251 | 9803043906 | 9705000127| 9704473937.
Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chatwan Branch : 9855016639 | Butwal Branch : 9851178901
Pokhara : 9802855069/ 9802855194

# सत्ती भन्सारमा संरक्षणविहीन सवारी साधन

**भिम वि.क/मध्यान्ह**
कैलाली, १२ साउन



टिकापुर नगरपालिका वडा नम्बर -९ मा रहेको सत्ती भन्सार कार्यालय पछाडि जाने हो भने यत्रतत्र सवारीसाधन देख्न सकिन्छ । भन्सार कार्यालय परिसरमा विगत अढाइ वर्षदेखि सुरक्षा निकाय र सत्ती भन्सार कार्यालयले समातेका सवारीसाधन वेवारिसे जस्तै छरिएर रहेका छन् ।

भन्सार छलि गरेर नेपालमा सामानसहित छिर्ने क्रममा पक्राउ परेका यी सवारीसाधन खुला आकाशमुनी रहेकोले राम्रो अवस्थामा रहेका सवार ीसाधन पनि खिया लागेर काम नलाग्ने अवस्थाका भएको स्थानीयको भनाइ छ।

भन्सार कार्यालयले समयमै लिलामको सूचना प्रकाशित गरेर राज्यकोषमा राजस्व उठ्ने स्थानीय सुरेश खड्काले बताए ।

भन्सार परिसरमा रहेका सवार ीसाधनलाई टहरा बनाइ सुरक्षित राख्न सकेको भए घामपानी, शित र सामान हराउनबाट बच्ने उनको भनाइ छ। वार्षिक दस करोड राजस्व उठाउने कार्यालयले ४/५ लाखको टहरा बनाएर जफत गरिएका साधनलाई सुरक्षित राख्नुपर्ने स्थानीय भरत साउँदले बताए।

पक्राउ गरेका भन्सारमा बुझाएका सवारीसाधन चालू अवस्थामा हस्तान्तरण हुने भएपनि हाल ती साधनका पार्टपूर्जा निकालिएको अवस्था रहेको एक स्थानीयले बताए । भन्सार कार्यालय परिसरमा रहेका र मुद्दाको किनारा लागिसकेका सवारीसाधनको लिलामीका लागि प्रक्रिया यथाशिघ्र हुने सत्ती भन्सार कार्यालयका प्रमुख दीनहरि सापकोटाले जानकारी दिए ।

उनले भने, 'हामीले आन्तरिक तयारी गरिसकेको अवस्था हो, अब छिटोभन्दा छिटो सवारीसाधन कुन कस्तो अवस्थामा छन छुट्याएर लिलामका लागि प्रक्रियामा छिट्टै जाने छौं ।'

भन्सार कार्यालयमा १ सय वटा बाइक पत्रु(कटिङमा जाने) ७० वटा अन्य र दर्ता भएका बाइक, ९ वटा अटो रिक्सा,२ वटा पत्रु कार, १ वटा दर्ता भएको कार, १ वटा ट्याक्टर ,१ वटा ट्रलि रहेको कार्यालयका नायब सुब्बा पदम भट्टले जानकारी दिए ।

भन्सार कार्यालयमा अलपत्र अवस्थामा रहेका सवारीसाधनको लिलामी कहिले हुन्छ भन्ने प्रश्नको जवाफमा नायब सुब्बा भट्टले भने 'सबै तयारी भएको छ, यातायात व्यवस्था कार्यालयका इन्जिनियरसहितको टोलीको मूल्यांकन भएपछि लिलामिको प्रक्रिया अघि बढ्नेछ ।'

# 'प्रेम प्रकाश मल्ल स्मृति पुरस्कार' कोपिलालाई

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १२ साउन

सुप्रसिद्ध साहित्यकार, गजलकार, गायक, संगीतकार तथा गीतकार स्व.प्रेम प्रकाश मल्लको नाममा स्थापना गरिएको यस वर्षको पुरस्कार चर्चित गजलकार खगेन्द्र गिरि 'कोपिला'लाई प्रदान गरिएको छ ।

शनिबार भेरी साहित्य समाजले आयोजना गरेको कार्यक्रममा ५१ हजार १ सय ११ रुपैयाँसहितको 'प्रेम प्रकाश मल्ल मधुकर स्मृति पुरस्कार' साहित्यकार 'कोपिला'लाई प्रदान गरिएको हो । पुरस्कृत साहित्यकार 'कोपिला'लाई कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ श्रष्टा सनत रेग्मीले पुरस्कार तथा सम्मान पत्र प्रदान गरेका हुन् । प्रेम प्रकाश मल्लको ८९ औं जन्मजयन्तिको अवसर पारेर आयोजना गरिएको सो समारोहमा भेरी साहित्य समाजद्वारा प्रकाशित बाँके शताब्दी साहित्य ग्रन्थ प्रकाशनमा सहयोग गर्ने स्थानीय निकाय तथा व्यक्तिहरुलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि रेग्मीले मोफसलका सर्जकहरु विभेदमा परेको उल्लेख गर्दै मल्लका गीत राष्ट्रियस्तरमा पनि लोकप्रिय रहेको चर्चा गर्दै पुरस्कृत व्यक्तित्व कोपिलालाई गरिएको छनौट एकदमै उपयुक्त भएको धारणा राखेका थिए ।

कार्यक्रममा प्रतिभा छनौट समितिका सदस्य समाजका सल्लाहकार वरिष्ठ पत्रकार पूर्णलाल चुकेले साहित्यकार 'कोपिला'लाई पुरस्कारका लागि छनोट गरिएका आधारहरुका बारेमा स्पष्ट पार्दै उनको साहित्यिक व्यक्तित्व र योगदानको बारेमा चर्चा गरेका थिए ।

कार्यक्रममा बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले बाँके जिल्लामा भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा गरिने अभियानमा प्रशासनिक तौरमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सो अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य महानन्द ढकाल, पुरस्कृत श्रष्टा खगेन्द्र गिरि 'कोपिला', नेपालगञ्ज उपमहानगरपालिकाका प्रवक्ता तथा वडा नं.-१ का वडाध्यक्ष प्रमोद रिजाल, समाजका वरिष्ठ उपाध्यक्ष ईश्वरी प्रसाद रिजाल, लगायतले स्वर्गीय प्रेम प्रकाश मल्ल मधुकरको व्यक्तित्व, कृतित्व र योगदानको बारेमा प्रकाश पारेका थिए ।

यस्तै पुरस्कार कोषका संस्थापकका तर्फबाट स्व.मधुकरकी जेष्ठ सुपुत्री वाणीश्री मल्लले साहित्यको उन्नयनका लागि बुबाको योगदानलाई जीवन्त राख्न आह्वान गरेकी थिइन् ।

समाजका निवर्तमान अध्यक्ष हरि प्रसाद तिमिल्सिनाले पुरस्कारको अक्षय कोषमा अहिले रु.५ लाख भन्दा बढी पुऱ्याइएको र मुद्दतिमा राखिएको उक्त रकमको ब्याजबाट पुरस्कार र अन्य व्यवस्थापन गरिएको जानकारी दिए ।

कार्यक्रममा समाजका सदस्य मीना बरालले पुरस्कृत व्यक्तित्व कोपिलाको कृतित्व, साहित्यिक व्यक्तित्व तथा योगदानका बारेमा विस्तृत प्रकाश पारेकी थिइन् ।

भेरी साहित्य समाजका केन्द्रीय अध्यक्ष इन्द्र बहादुर बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रम समाजका महासचिव गीता अर्यालले सञ्चालन गरेकी थिइन् । कार्यक्रममा बाँके शताब्दी प्रकाशन गर्नमा सहयोग गर्नेहरुमा नेपालगञ्ज उप-महानगरपालिका वडा नं.-१ का वडाध्यक्ष प्रमो रिजाल, वडा नं.-२० का वडाध्यक्ष कौशल कुमार धोबी, कपिन्द्रराज सिग्देल, भेरी साहित्य समाज दैलेखका अध्यक्ष चन्द्र रावत, कृष्णसार विद्या निकेतन बढैयातालका नृपेन्द्र जिसी, राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्त बहादुर पौडेल लगायतलाई सम्मान गरिएको थियो ।

**हैजाको...**

जिब्रो र घाँटी सुक्खा हुनु, तिर्खा लाग्नु, छाला सुक्खा हुनु, रक्तचाप कम हुन्, पिसाब पहेँलो हुनु र पिसाबको मात्रा कम हुने हुन्छ ।

डा. पुनका अनुसार तीनवटा कुरामा ध्यान दिन सके हैजालाई नियन्त्रणमा राख्न सकिन्छ । जसमा सुरक्षित पानी, व्यक्तिगत सरसफाइ र अनुगमन पर्दछन् । स्वच्छ पानी सेवन गर्नु गरे हैजा फैलँदैन । दुषित पानीबाट एकदमै सहज र सरल तरिकाले हैजा फैलिने गर्दछ ।

अधिकांश मानिसले धाराको पानी मान्छेले उमालेर वा फिल्टर गरेर खान्छन्, तर जारको पानी धेरैले त्यसो गर्दैनन् । किनेको पानी पिउनयोग्य नै छ भनेर सिधै खाँदा समेत हैजा फैलिने डर हुन्छ । विद्यालयदेखि लिएर कार्यालयदेखि लिएर सार्वजनिक स्थलमा जारको पानी राख्ने चलन छ । व्यवसायीले प्रशोधित नगरेका पानी बजारमा पठाउँदा हैजाको संक्रमण ज्यादा फैलिने डर रहन्छ ।

डा. पुन व्यक्तिगत सरसफाइ समेत व्यवहारमा लागू भएको नदेखिएको बताउँछन् । उनका अनुसार शौचालयको व्यवस्थापन राम्रो हुनुपर्छ । शौचालयको व्यवस्थापन कमजोर हुँदा हैजालगायत पानीजन्य रोगहरू फैलिन सक्छ । दिसामा रहेका जीवाणुहरू कुनै कारणले बगेर फेरि खानेपानीमा आइपुग्न सक्छन् ।

बजारमा कस्तो पानी पुगिरहेको छ भनेर सरकारले ध्यान दिनुपर्ने उनको सुझाव छ । कतिपय व्यापारीले प्रशोधन नै नगरी पानी बजारमा पठाए त्यसले समस्या पार्न सक्छ । यसका सम्बन्धमा सम्बन्धित निकायले नियमित अनुगमनलाई प्राथमिकतामा राख्दा हैजा नियन्त्रण गर्न सकिन्छ ।

**जनजाति...**

थापालाई मन्त्री भएका छन् ंकांग्रेसबाट कुन्दनराज काफ्ले, श्याम खड्का, विमल ठकुरी, हरिप्रभा खड्गी, सुरजचन्द्र लामिछाने, मीनकृष्ण महर्जन, मदु कुमार श्रेष्ठ मन्त्री बनेका छन् । मन्त्री बनेकामध्ये मदुकुमार श्रेष्ठको जिम्मेवारी तोकिएको छैन भने अन्य सबैलाई जिम्मेवारी दिइएको छ ।

एमालेका प्रकाश श्रेष्ठलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अमन कुमार मास्केलाई भौतिक पूर्वाधार विकास मन्त्रालय दिइएको छ । कृष्ण प्रसाद सिलवाललाई वन तथा वातावरण मन्त्रालय, सुकमाया तामाङलाई उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, किरण थापालाई स्वास्थ्य मन्त्रालय र प्रेमभक्त महर्जनलाई श्रम, रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

कांग्रेसबाट कुन्दन राज काफ्ले आर्थिक मामिला तथा योजना मन्त्री भए। हरि प्रभा खड्गीले सामाजिक विकास मन्त्रालय, सुरज चन्द्र लामिछानेले आन्तरिक मामिला तथा कानुन मन्त्रालय, श्याम खड्काले खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालयको जिम्मेवारी पाएका छन् । मीनकृष्ण महर्जनले युवा तथा खेलकुद मन्त्रालय, विमल ठकुरी संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

यही साउन ८ गते मुख्यमन्त्री नियुक्त भएका लामाले साउन ९ मा ९ जना र शनिवार चार मन्त्रीलाई सरकारमा सहभागी गराएका हुन् । एक विना विभागीयसहित सरकारमा कांग्रेसका ८ र एमालेका ६ मन्त्री सहभागी भएका छन् । सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा भागबन्डा नमिलपछि मन्त्रीको संख्या नै बढाएर मुख्यमन्त्री लामाले सरकारलाई पूर्णता दिएका हुन् ।

संघीय मन्त्रिपरिषद्मा दलितको उपस्थिति नरहेको भनेर भएको आलोचनालाई ख्याल नगरेको बागमती प्रदेश सरकारले भूगोलमा पनि कम ख्याल गरेको छ । उपत्यकाकाबाट मात्रै ९ मन्त्री मुख्यमन्त्री लामाको क्याबिनेटमा मन्त्री बनेका छन् ।

१३ जिल्ला रहेको प्रदेशमा १४ जना मन्त्री बनाइएको छ । जसमा ७ जिल्लाका सांसदले मन्त्री हुने अवसर पाएका छन् । प्रदेश राजधानी रहेको मकवानपुरसहित रसुवा, रामेछाप, काभ्रे, सिन्धुपाल्चोकले मन्त्री पाएनन् ।

काठमाडौँबाट ६ जना मन्त्री भएका छन् । ललितपुरबाट दुई जना र भक्तपुरबाट एक जना मन्त्री बनेका छन् । काठमाडौँबाट एमालेका प्रकाश श्रेष्ठ, अमन कुमार मास्के मन्त्री बने, कांग्रेसबाट श्याम खड्का, हरिप्रभा खड्गी, सुरजचन्द्र लामिछाने, विमल ठकुरी मन्त्री बने ।

ललितपुरबाट एमालेका प्रेमभक्त महर्जन र कांग्रेसका मीनकृष्ण महर्जन मन्त्री बन्दा भक्तपुरबाट एमालेका किरण थापा मन्त्री भएका छन् ।

कांग्रेसबाट दोलखाका कुन्दनराज काफ्ले, धादिङका मदुकुमार श्रेष्ठ मन्त्री बन्दा एमालेबाट सिन्धुलीकी सुकमाया तामाङ र चितवनका कृष्णप्रसाद सिलवाल मन्त्री भएका छन् ।

**वैदेशिक...**

५० हजारसम्म ऋण प्राप्त गरे भने वैदेशिक रोजगारका क्षेत्रमा मात्रै करिब ५३ अर्ब रुपैयाँ कर्जा प्रवाह हुने छ ।

यसले वैदेशिक रोजगारमा जाने युवायुवतीलाई चर्को मिटरव्याजको ऋणबाट मुक्ति दिनेछ । वैदेशिक रोजगारमा जान बिना धितो ऋण पाउन वैदेशिक रोजगारदाता कम्पनीसँग कामदारले गरेको तलव सम्झौता करारको प्रति पेस गर्नुपर्नेछ। सम्झौताको प्रति पेस भएपछि बैंकले कामदारले पाउने मासिक तलव उक्त खातामा पठाउन आग्रह गरी पठाएको पत्रमा रोजगारदाताले मन्जुरी जनाएपछि बैंकले बढीमा एक लाख पचास हजारसम्म ऋण दिन सक्ने बताइएको छ । बैंकले सोही खाताबाट आफ्नो साँवा र ब्याज कटाउन पाउने छ । यी सबै प्रक्रिया मिलाउन म्यानपावर कम्पनीको भूमिका महत्वपूर्ण मानिएको छ ।

शून्य लागतमा कामदार पठाउने म्यानपावर कम्पनी कसरी ऋणको प्रक्रियामा सहजकर्ता बन्न सक्लान् ? यो प्रश्न पनि सँगसँगै उठेको छ । तर बैंकहरु ऋण प्रवाहमा उदार देखिए कामदार आफैंले पनि बैंकमा खाता खोल्ने विषय ठूलो झन्झट नहुने बताइन्छ । यता शून्य लागत अर्थात फ्रि भिसा फ्रि टिकटमा केही वर्षदेखि निरन्तर कामदार पठाइरहेका म्यानपावर कम्पनीहरुले भने शून्य लागतको निर्णयलाई संस्थागत गरी अन्तर्राष्ट्रियरुपमा लैजानुपर्ने अवस्थामा कामदारलाई ऋणको व्यवस्था गरेर सरकार उल्टो बाटोमा हिँड्न थालेको टिप्पणी गरेका छन् ।

यसअघि निवर्तमान अर्थमन्त्री वर्षामान पुन र त्यसअघि अर्थमन्त्री प्रकाशशरण महतले पनि बजेटमा वैदेशिक रोजगारमा जाने युवायुवतीलाई बिना धितो ऋणको व्यवस्था गरिने सार्वजनिक गरेका थिए । तर ऋण पाउनेहरुको विवरण अत्यन्तै थोरै रहेको बताइन्छ ।

यसले वैदेशिक रोजगारीमा जान बिना धितो ऋण सहजरुपमा प्रवाह हुने विषय सस्तो प्रचारबाजी मात्रै हुने त होइन भन्ने कतिपयको बुझाइ पनि छ । तर वैदेशिक रोजगारमा जान बिना धितो ऋण दिने विषयमा सरकारले पटक-पटक सार्वजनिक प्रतिबद्धता जनाएर फ्रि भिसा फ्रि टिकटको नीति व्यवहारिक छैन भन्ने व्यवसायीको जिकिरमा अप्रत्यक्षरुपमा भएपनि सहमति जनाउन पुगेको देखिएको छ ।

**मौद्रिक...**

खासमा सरकारले लागू गरेको फ्रि भिसा फ्रि टिकटमा कामदारको डिमाण्ड खोज्न बजार प्रवर्द्धन तथा पाएका डिमाण्डमा छनोट गरी कामदार पठाउन व्यवसायीलाई ठूलै रकमको खाँचो पर्ने गरेको छ ।

सिद्धान्ततः विदेशी रोजगारदाताले नै कामदारको भर्ना प्रक्रियामा लाग्ने खर्च व्यहोर्नुपर्ने अवस्था छ । तर अधिकांश रोजगारदाताले नेपाली म्यानपावर कम्पनीलाई रकम पठाउँदैनन् । कामदार कम्पनीमा पुगेपछि तेस्रो पक्ष अनुगमनलगायतका चरण पार गरेपछि मात्रै भुक्तानी पठाउने गरेका छन् ।

कतिपय व्यवसायीले डिमाण्ड खोज्ने र कामदार पठाउन चाहिने जहाज टिकट, मेडिकल, भिसा शुल्कको रकम परिचालन गर्न सक्ने अवस्थामा नहुँदा पाएका माग नै गुमाउने गरेका छन् । अथवा शून्य लागतको काम करोडौं लगानी गर्न सक्ने ब्यबसायीले मात्र गर्न सक्छन् । यसर्थ ऋणको प्रबन्ध हुन सकेको अवस्थामा मात्रै अहिलेको मन्दीको अवस्थामा वैदेशिक रोजगार बजार प्रवर्द्धनमा सहजता आउने व्यवसायीहरू बताउँछन् । के यसतर्फ राष्ट्र बैंकको मौद्रिक नीति निर्माताहरुको ध्यान जाला ?

# महिला मानव अधिकार रक्षक सञ्जाल दाङको अध्यक्षमा पोखेल



**सपना बोहरा/मध्यान्ह**
दाङ, १२ साउन

महिला मानव अधिकार रक्षक सञ्जाल दाङको अध्यक्षमा अनिता पोखेल चयन भएकी छिन । महिला मानव अधिकार रक्षक सञ्जाल दाङको सातौ अधिवेशनले पोखेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । जसको उपाध्यक्षमा पद्मा चौधरी, सचिवमा सुशीला आचार्य,

सहसचिवमा सरस्वती सुवेदी, कोषाध्यक्षमा हरिकला अलि मिया चयन भएका छन। त्यस्तै सदस्यमा सुशीला शाह, कल्पना चौधरी, प्रतिक्षा अधिकारी, पार्वती धिताल, कल्पना परियार, सृजना घिमिरेलाई चयन गरिएको हो ।

महिला मानव अधिकार रक्षक सञ्जाल दाङकी अध्यक्ष सुशीला पौडेलको अध्यक्षता एवम् सञ्जालकी संस्थापक अध्यक्ष लक्ष्मी आचार्यको प्रमुख आतिथ्यमा अधिवेशन सम्पन्न भएको थियो ।

# जुम्लामा आफैं उम्रेका अवैध गाँजा फँडानी

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १२ साउन

जिल्ला प्रहरी कार्यालय जुम्लाले आफैं उम्रेका अवैध गाँजा नष्ट गरेको छ । प्रहरी निरीक्षक असिम हमालको नेतृत्वको प्रहरी टोलीले जुम्ला बजार आस्पासका क्षेत्रमा रहेको भाँगाको बोट (गाँजा) नष्ट गरेको हो ।

जुम्ला प्रहरीले अवैधरुपमा रहेको गाँजा प्रयोग नहोस् भनेर शनिबार समुदाय प्रहरी साझेदार कार्यक्रमअन्तर्गत प्राकृतिकरुपमा आफैं उम्रेका अवैध गाँजा नष्ट गरेको प्रहरी निरीक्षक असिम हमालले बताए । अवैधरुपमा रहेको गाँजाको प्रयोग रोक्नका लागि समुदाय आफैं सचेत हुनुपर्ने उनले बताए ।

गाउँघर, सडक आसपासमा गाँजा फैलिएको सूचना प्रहरीले पाएपछि सरोकारवालासँगको सहकार्यमा प्रहरीले नष्ट गर्ने गरेको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ ।

लागुऔषध (नियन्त्रण) ऐन, २०३३ अनुसार खेती गरिएको हकमा २५ बोटसम्म ३ महिना कैद वा ३ हजार जरिवाना हुने व्यवस्था छ ।

# मुस्लिम महिलाको शिक्षामा पहुँच बढाउन आवश्यक

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १२ साउन



रूपन्देहीको सियारी गाउँपालिकाका मुस्लिम महिलाहरूले कृष्णानगर नगरपालिकामा रहेको आइशा सिद्धकी गर्ल्स कलेजको अवलोकन भ्रमण गरेका छन् ।

मदरसामा रहेको छात्रावास, सिलाइ कटाइ कक्ष, कम्प्यूटर कक्ष, कक्षा कोठा, प्रदर्शनी कक्ष लगायतको अवलोकन गरिएको छ । अवलोकन भ्रमणका क्रममा आएका महिलाहरुलाई एक कार्यक्रमबीच स्वागत तथा सम्मान समेत गरिएको कलेजका प्रशासनले जनाएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि अकिल मियाले सियारी गाउँपालिकाले मुस्लिम महिलाहरूले गरेको अवलोकन भ्रमण फलदायी हुने विश्वास व्यक्त गर्दै सबै व्यक्तिको शिक्षामा पहुँच पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा बोल्दै पूर्व जिल्ला शिक्षा अधिकारी अब्दुल रउफ खांले मुस्लिम धर्ममा शिक्षालाई अनिवार्य तथा निःशुल्क गरेको भएपनि हालको स्थितमा मुस्लिमहरूको शिक्षामा पहुँच न्यून रहेको बताउँदै सियारी गाउँपालिकाले गरेको मुस्लिम महिलालाई गराएको अवलोकन भ्रमणले शिक्षामा पहुँच राम्रो हुन सक्ने विश्वास व्यक्त गरे ।

कार्यक्रमका अध्यक्षता गरेका लुम्बिनी प्रदेश मदरसा व्यवस्थापन समिति उपाध्यक्ष मौलाना मशहूद खां नेपालीले अवलोकन भ्रमणमा आएका सम्पूर्णलाई स्वागत गर्दै सियारी गाउँपालिकाले गरेको उक्त भ्रमण सराहनीय रहेको बताउँदै लुम्बिनी प्रदेश मदरसा बोर्डबाट हुन सक्ने सहयोग गर्न आफू प्रतिबद्ध रहेको बताए । उनले मुस्लिम महिलामा समेत सशक्तिकरणको भावना विकसित भइ शिक्षामा सबैको पहुँच हुनुपर्नेमा जोड दिए ।

उक्त अवलोकन भ्रमणमा जनप्रतिनिधि महेन्द्र प्रसाद यादव, सियारी गाउँपालिकामा अवस्थित मदरसा स्लामिया गरिब नवाजका अध्यक्ष कलिकुन निशा मनिहार, सहायक प्रधानाध्यापक पार्वती चौधरी लगायत पैतालीस जना मुस्लिम महिलाको सहभागिता रहेको थियो ।

## ५९औं रक्तसंचार सेवा दिवस

# शतक रक्तदाता र आजीवन सदस्यलाई सम्मान

**मध्यान्ह संवाददाता**
नेपालगन्ज, १२ साउन




बाँकेमा ५९ औं रक्तसंचार सेवा दिवस स्वयंसेवी रक्तदातालाई सम्मान र आजीवन सदस्यता वितरण गरी मनाइएको छ । नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसंचार सेवाको आयोजनामा भएको कार्यक्रममा एक सय पटक रक्तदान गर्ने शतक रक्तदाता पवन जायसवाललाई सम्मान गरिएको छ । जनमत अर्द्धसाप्ताहिकद्वारा विगत दुई दशकदेखि सञ्चालित त्रैमासिक रक्तदान कार्यक्रमको ६० औं श्रृङ्खलामा गत जेठ ३१ गते एक सय पटक रक्तदान गरी शतक रक्तदाताको रुपमा सम्मानित रक्त अभियन्ता जायसवाललाई नेपाल रेडक्रस सोसाइटीका पूर्व केन्द्रीय उपाध्यक्ष अजीतकुमार शर्मा, सनतकुमार रेग्मी र शाखा सभापति गोवर्धन सिंह सम्झनाले प्रशंसा पत्र र दोसल्ला ओढाइ सम्मान गरेका थिए भने ३९ जना स्वयंसेवी रक्तदाताहरुलाई अजीवन सदस्यताको प्रमाण पत्र वितरण गरिएको थियो । कार्यक्रममा पोजेटिभ समूहका २५ पटक भन्दा बढी र दुलर्भ (नगेटिभ) समूहका १५ पटक भन्दा बढी रक्तदान गर्ने ३९ जना स्वयंसेवी रक्तदाताहरुलाई सम्मान स्वरुप नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्यता प्रदान गरिएको थियो ।

वि.स.२०२३ सालमा रक्तसंचार सेवा स्थापना भएको थियो । नेरेसो प्रादेशिक रक्तसंचार सेवा नेपालगञ्जबाट आ.व. २०७९/०८० मा वार्षिक १३ हजार ४ सय ९० सकंलन र १९ हजार ९ सय ९३ पिन्ट रगत वितरण भएको कुरा रक्तसंचार सेवाका प्रमुख उपेन्द्र रेग्मीले बताए। नेरेसो बाँके शाखाका सभापति गोवर्द्धन सिंह सम्झनाले रक्तसंचार सेवा रक्तदाताहरुबाट नै सञ्चालन हुने हुँदा यस महान कार्यमा योग्दान गर्ने सबै स्वयंसेवी रक्तदाताहरुलाई धन्यवाद व्यक्त गरेका थिए ।

सम्मान ग्रहण गर्दै शतक रक्तदाता जायसवालले हरेक व्यक्तिले ३/३ महिनामा रक्तदान गरेमा स्वस्थ्य हुने र मानव जीवनको रक्षा हुने बताउँदै युवाहरुलाई रक्तदान गर्न उत्प्रेरित गरिरहने प्रतिबद्धता व्यक्त गरे ।

नेरेसो बाँके शाखाका सभापति सम्झनाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा नेरेसोका पूर्व केन्द्रीय उपाध्यक्ष अजीतकुमार शर्मा, नेपाल रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाह, नेरेसो बाँके शाखाका उपनिर्देशक दोलखबहादुर डाँगी लगायतले आ-आफ्नो विचार व्यक्त गरेका थिए भने आजीवन सदस्यता प्राप्त गर्ने व्यक्तिहरुलाई नेरेसो जिल्ला कार्यसमिति सदस्य सनतकुमार रेग्मी, मीनबहादुर मल्ल, गुलाब सिंह ठाकुर, सीता शर्मा पोखेल र खगेसरी भण्डारीले प्रदान गरेका थिए ।

# मधेश प्रदेशलाई आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउन मन्त्री क्षेत्रीलाई सुझाव

**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, १२ साउन




नेपाली कांग्रेस पर्साका कार्यबाहक सभापति राम नारायण कुर्मीले जनताको सेवा गर्न नेपाली कांग्रेसले पाएको अवसरलाई सदुपयोग गर्न नवनियुक्त भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीलाई आग्रह गरेका छन् ।

मधेश प्रदेश सरकारमा नेपाली कांग्रेसको तर्फबाट उक्त मन्त्रालयमा मन्त्री नियुक्त भएपछि पहिलो पटक गृह जिल्ला आएका क्षेत्रीलाई स्वागत गर्दै कार्यवाहक सभापति कुर्मीले कृषि उत्पादनमा मधेश प्रदेशलाई आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम ल्याउन सुझाव दिए ।

नवनियुक्त मन्त्री क्षेत्रीलाई गृह जिल्लामा भव्य स्वागत गरिएको छ । उनलाई स्थानीय नेता कार्यकर्ताहरुले भव्य स्वागत गरेका हुन् ।

स्वागत कार्यक्रममा नेपाली कांग्रेस पर्साका कार्यवाहक सभापति कुर्मीसहित नेता, कार्यकर्ता तथा समर्थकहरुले उनलाई खादा, टिका र माला लगाएर स्वागत गरेका थिए ।

स्वागत ग्रहण गर्दै मन्त्री क्षेत्रीले मन्त्रालयका सचिव तथा निर्देशकहरुलाई कृषिमा क्रान्ति ल्याउनका लागि नयाँ-नयाँ योजनाहरु बनाउन निर्देशन दिएको बताए ।

त्यस्तै उनले नेपालमा रहेका सबै प्रदेशमध्ये मधेश प्रदेशलाई कृषिमा नमुना प्रदेशको रुपमा विकसित गर्न प्रयासरत रहेको बताए ।

स्वागत तथा सम्मान कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति अशोक गुप्ता, सचिव दिनेश चौधरी, नवीन सिंह, मदन यादव लगायत नेपाली कांग्रेसका नेता कार्यकर्ताको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण नेपाली कांग्रेस पर्साका सचिव तथा वीरगञ्ज महानगरपालिकाका उपमेयर इम्तियाज आलमले गरेका थिए ।

# 'संविधान संशोधनका लागि व्यापक छलफल र बहस हुन आवश्यक'

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, १२ साउन




नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले संविधान संशोधनको विषयमा बहस गर्न आवश्यक रहेको बताएका छन् ।

अध्यक्ष नेपालले संविधान संशोधन आवश्यक रहेको र त्यसका लागि व्यापक छलफल र बहस हुनुपर्नेमा जोड दिए । पुष्पलालको जन्म शताब्दीको अवसरमा पुष्पलाल स्मृति प्रतिष्ठानले शनिबार काठमाडौंमा आयोजना गरेको प्रवचन गोष्ठीमा बोल्दै उनले भने, 'संविधान संशोधनका लागि बहस र छलफल हुनुपर्ने, तर यहाँ गुपचुपमा संविधान संशोधन गर्ने कार्य हुन गइरहेको छ । त्यसको आवश्यक किन पर्‍यो ?'

अध्यक्ष नेपालले संविधान संशोधन नभइ त्यसको नाममा अर्कै खेलोमेलो हुन लागेको आशंका व्यक्त गर्दै लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने कुनै प्रकारको षड्यन्त्र नहोस् भनी सचेत समेत गराए । अध्यक्ष नेपालले नेपालीपनको समाजवाद आवश्यक भएको भन्दै नेपाली समाजको चरित्र अझै पनि अर्धसामन्तवादी रहेको बताए ।

कम्युनिस्ट पार्टीमा नीति प्रधान हुने बताउँदै उनले सही नीति भयो भने भने सही लक्ष्य प्राप्त गर्न सकिने भन्दै कम्युनिस्ट पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढाउनुपर्नेमा समेत जोड दिए । कार्यक्रममा नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कम्युनिष्ट पार्टीहरुलाई मिल्न नदिन कतैबाट षड्यन्त्र भइरहेको आशंका व्यक्त गरे । नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले कम्युनिष्टहरुबीच वैचारिक र नीतिगत एकता गर्नुपर्ने बताए । उनले कम्युनिष्ट पार्टीहरुले मुख्य प्रतिद्वन्द्वी टुंगो लगाएर अघि बढ्नुपर्ने बताए ।

नेता खनालले भने, 'दुई ठूला पार्टी मिलेर सरकार बनाएर संविधान संशोधन गर्छु भन्दैछन्, केका लागि ? अहिलेसम्म दुई पार्टीले गरेको तथाकथित सात बुँदे सहमति खै ? कहाँ आयो ? संसदमा पनि ढाँटिएको छ । संसदमा लिखित हस्ताक्षर गरिएको किन प्रस्तुत गर्न सकेनन् ? किन लुकाइराखेका छन् ? कसैले नौ बुँदे भन्दैछन्, खै सही गरेको देखेको छ । यो संविधान के मा संशोधन गर्ने, दुई वटा पार्टीको निगाहले बनाइएको होइन ।' संविधान संशोधन जस्तो विषयमा खेलाची गर्न नहुने भएकाले स्वीकार्न नसकिने उनले बताए ।

नेता खनालले दुई पार्टीको अधिनायकवादको विरुद्ध मेचीदेखि महाकालीसम्म संग्राम शुरु गर्ने चेतावनी दिए । यो समानुपातिक प्रणालीलाई चलाउन खोजे आफूहरु मौन नबस्ने उनले सचेत गराए ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले छरिएर रहेका कम्युनिष्टहरु को सही को गलत भन्ने छुट्याउन गाह्रो रहेको बताए ।

उनले भने, 'अहिलेका कम्युनिष्ट पार्टीका नेताहरुको हेर्छु म । सत्ता, भत्ता, पैसा, पद नै साम्यवाद हो भन्ने ठान्नुभएको छ । त्यसको दौडमा यतिसम्म गिर्छन्, कल्पना नै गर्छ सकिँदैन । त्यो युग अहिले आएको छ । कुनै काम बाँकी नछोड्ने, दुई दिनको सरकारको लागि राजावादीसँग पनि मिलेकै हो । राजावादी, कांग्रेससबैसँग चलेको छ । के का लागि भन्दा अवसरवादको लागि ?' उनले बताए ।

नेकपा एकता अभियानका संयोजक वामदेव गौतमले शक्तिशाली कम्युनिष्ट पार्टी निर्माणको अभियानमा जुट्न सबैलाई आह्वान गरे । उनले भने, 'सबै कम्युनिष्टहरु मिलेर एउटै पार्टी बन्नैपर्छ । त्यो पार्टीले देशमा समाजवाद निर्माण गर्छ । भएको पार्टी फुट्दै जाने, अनि एउटाले समाजवादी क्रान्ति गर्ने, अनि क्रान्ति हुन्छ । मतभिन्नता छ भने बसेर हल गर्न सकिन्छ ।'

नेकपा एमालेका नेता भीम रावलले कांग्रेस र एमाले राजनीतिक स्थायित्वको लागि मिलेको भन्नुको कुनै अर्थ नभएको बताए ।

'कुर्सी अलिकति हल्लियो भने, दिल्लीमा गएर सम्झौता गर्नुपर्ने हो कि, या कुनै व्यापारीको घरमा राति १२ बजे वार्ता गर्नुपर्ने हो' उनले भने । नेता रावलले विपरित सिद्धान्त भएका राजनीतिक दलहरु मिलेर चुनाव लडेकोप्रति उनले असन्तुष्टि जनाए ।

# गैरआवासीय नेपाली संघ कतारको दोस्रो परिषद् भेला सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १२ साउन



गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको दोस्रो परिषद् (वार्षिक) भेला सम्पन्न भएको छ । संघको विधान २००३ को (दशौं संशोधन २०२१ ) को परिच्छेद ६ को दफा १३ को उपदफा १३.२ मा व्यवस्था भए बमोजिम २०२३-२०२५ कार्यकालको दोस्रो परिषद् भेला प्रत्यक्ष र भर्चुअल जुम अनलाइनमार्फत सम्पन्न भएको हो ।

नेपाली राजदूतावासको सभा हलबाट प्रत्यक्षरूपमा सञ्चालित भेला संघका अध्यक्ष रमेश भट्टको सभापतित्व तथा कतारका लागि नेपाली कार्यबाहक राजदूत कुमार राईको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । भेलामा पछिल्लो एक वर्षका विभिन्न गतिविधिहरू विभिन्न समितिका संयोजकहरूले पेस गरेका थिए । भेलामा बोल्दै प्रमुख अतिथि राईले भेला सफलताको शुभकामना व्यक्त गरे ।

श्रमिकहरूलाई स्वास्थ्य सुरक्षा तथा कतारको नयाँ कानूनबारे प्रशिक्षण, कतारमा रोजगारी गुमाएर अलपत्र परेका श्रमिकहरूका लागि विभिन्न स्थानीय कम्पनीहरूमा रोजगारीका लागि समन्वय गर्दै सहयोग, पीडितहरूलाई एनसीसी तथा विभिन्न सरकारी निकायसँग समन्वय गर्दै खाद्यान्न सहयोग, नेपालमा जाजरकोट र रुकुममा गएको भूकम्पमा आर्थिक सहयोग गरेको एनसीसी कतारका प्रथम उपाध्यक्ष तथा सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभागका संयोजक कृष्ण पन्थीले प्रतिवेदन पेस गरे ।

पन्थीले करिब दुई दर्जन श्रमिकलाई उनीहरूकै कम्पनीसँग सहकार्य गरी टिकटको व्यवस्थापन गरेको र विभिन्न जिल्लाबाट कतार आएर अप्ठ्यारो अवस्थामा परेका आठ जनालाई एनसीसी कतारकै खर्चमा टिकट उपलब्ध गराइ नेपाल फिर्ता पठाइएको जानकारी दिए । उनले कतारका मृतकलाई नगद सहयोगसहित ७ वटा शव नेपाल पठाएको प्रतिवेदन पेस गरे । पन्थीले संस्थागत सहयोगका साथै व्यक्तिगतरूपमा आफैंले काम गर्ने कम्पनीमार्फत धेरै पीडितलाई निःशुल्क गाँस बासको व्यवस्था गरेको भेलामा जानकारी दिए ।

त्यस्तै कोषाध्यक्ष बुद्ध पाण्डेले कूल आम्दानी ३ लाख ६० हजार ९ सय ९२ रियाल भएको र २ लाख २५ हजार ८ सय २२ रियाल कूल खर्च भएको पूर्ण आयव्यय पेस गरे । उनले कूल रकममध्ये १ लाख ३६ हजार १ सय १२ रियाल (४९ लाख रुपैयाँ) नेपालमा बैंकमा मुद्दती खातामा रहेको भेलालाई जानकारी दिँदै ४ लाख ९ हजार ५ सय नेपाली रुपैयाँ ब्याजमार्फत प्राप्त भयसकेको विवरण पेस गरे । उनले हाल संघमा १ लाख ३५ हजार १ सय ३० रियाल रकम बचत रहेको विवरण पेस गरे । पाण्डेले मुद्दती खातामा एक वर्षका लागि रकम रहेको हुँदा संस्था सञ्चालनका लागि संघका अध्यक्ष भट्टसँग कतारी रियाल २० हजार सापटी लिइएको र ५ हजार ४ सय ९३ रियाल विभिन्न कार्यक्रममार्फत उठ्न बाँकी रहेको भेलालाई जानकारी दिए ।

भेलामा आईसीसी तथा एनसीसीका विभिन्न पदाधिकारीहरू, कतारमा स्थापित विभिन्न वैचारिक संगठन प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो भने उनीहरुले आ-आफ्ना धारणा राखेका थिए । एनसीसीका प्रथम उपाध्यक्ष कृष्ण पन्थीले स्वागत मन्तव्य राखेको भेलालाई महासचिव रबिन मगरले सहजीकरण गरेका थिए भने मगर र सचिव सन्तोष क्षेत्रीले कार्यप्रगति विवरण मिलेर पेस गरेका थिए । भेलामा पेस भएका कार्यप्रगति र आयव्यय विवरण पारितसमेत भएका छन् ।

**छानबिन समितिको रिपोर्ट सार्वजनिक**

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसिसी) कतारको दशौं राष्ट्रिय महाधिवेशनबाट २१/२३ कार्यकालको आयव्यय छानबिन गर्न गठित छानबिन समितिले आफ्नो रिपोर्ट भेलामार्फत सार्वजनिक गरेको छ । छानबिन समितिका संयोजक होमनाथ शर्माले पटक-पटक बिल भर्पाइ माग्दा तत्कालीन समयका कोषाध्यक्षसहित अध्यक्षले बिल भर्पाइ नदिएको उल्लेख गरिएको रिपोर्ट सार्वजनिक गरेसँगै सोही विषयउपर निकै लामो समय बहसबाजी भयो ।

एनसीसीदेखि आईसीसीका संस्थापकसम्मका पदाधिकारीहरूले छानबिन रिपोर्टमाथि आ-आफ्ना विचार राखे । उनीहरूले परिषद् भेलाले पास गर्‍यो भन्दैमा बिल फाल्न नहुने, नयाँ कार्यसमितिलाई बिलसहितको आयव्यय दिनुपर्ने बताउँदै बिल नहुनुका कारण लिखितरूपमा आउनुपर्ने सुझाव दिए । वक्ताहरुले कुनै पनि कार्यकालमा गलत हुँदा अध्यक्ष मात्र दोषी नहुने बताउँदै सिंगो कार्यसमिति दोषी हुने धारणा राखे । वक्ताहरूले हरेक कार्यकालको अन्त्यमा बिल भर्पाइसहितको कागजात नयाँ कार्यसमितिलाई हस्तान्तरण गर्न सुझाव दिए ।

ध्यान दिएर सबैका धारणा सुनेका निवर्तमान अध्यक्ष मोहमद मुक्तदा मुसलमानले समाजले दिएको दण्ड स्वीकार्य र आफ्ना कार्यकालमा भएका कमीकमजोरीको नैतिक जिम्मेवारी लिएसँगै विवाद किनारा लागेको छ । भेलाको समापन गर्ने क्रममा भेलाका सभापति तथा एनसीसी कतारका अध्यक्ष रमेश भट्टले छानबिन समितिले रिपोर्ट परिषद् भेलामा पेस गर्न आग्रह गरेबमोजिम नै भेलामा आएको बताए । आफूले रिपोर्ट सार्वजनिक गरौं भन्दा भेलासम्म लैजान आग्रह गरेका कारण विचार विमर्श लम्बिएको बताउँदै परिषद् उनले भेलाबाट छानबिन समिति विघटन गर्दै आर्थिक अनियमितताको विषय पनि टुंगिएको जानकारी गराए ।

संघका निवर्तमान प्रमुख सल्लाहकार उत्तम गुरुङले सन २०१९ देखि नै एनसीसीमा आर्थिक अनियमितता भएको आरोप लगाउँदै छानबिनको माग गरेपछि एनसीसीको दशौं राष्ट्रिय महाधिवेशनबाट शर्माको संयोजकत्वमा छानबिन समिति बनेको थियो ।

## लायन्स क्लब र लियो क्लब नेपालयको आयोजनामा मधुमेह परीक्षण कार्यक्रम सम्पन्न

**काठमाडौं/मस-** लायन्स क्लब अफ काठमाडौं नेपालय र लियो क्लब अफ काठमाडौं नेपालयको संयुक्त आयोजनामा मधुमेह परीक्षण कार्यक्रम सम्पन्न भएको छ ।



काठमाडौंको टोखा नगरपालिका वडा नं ३ भूतखेलमा शनिबार करिब १२० जनाको मधुमेह र रक्तचाप परीक्षण गरिएको छ । हिलिङ काठमाडौं एण्ड डाइग्नो टेक सपोर्ट प्रा.लि.को सञ्चालनमा भएको उक्त परीक्षण कार्यक्रममा भूतखेल जुम्बा योग परिवारको सहयोग रहेको थियो ।

भूतखेल जुम्वा-योग परिवारले स्वास्थ्यलाई मध्यनजर गर्दै आगामी दिनमा पनि यस्तै किसिमका स्वास्थ्य शिविर तथा वातवरणसम्बन्धी कार्यक्रम मासिकरूपमा सञ्चालनमा ल्याउने लायन्स क्लब अफ काठमाडौं नेपालयका अध्यक्ष सपना पौड्याल र सचिव भुवन श्रेष्ठले प्रतिबद्धता व्यक्त गरे ।

कायक्रममा रिजन चेयरपर्सन उपेन्द्र कुमार पौडेल, जोन चेयरपर्सन सहर्ष पौडेल, लियो गभर्नर अभय थापा, क्लबका पीभीएसटी टिम तथा सदस्यहरुको उपस्थिति रहेको थियो ।

# न्यौपानेलाई शिक्षा पुरस्कार

**काठमाडौं/मस-**'शैक्षिक सर्वोत्कृष्टताका निम्ति एकता' भन्ने आशयलाई मूल मन्त्र बनाएको निजी विद्यालय संघ(ओप्स)ले फरकपत्रका प्रधानसम्पादक सुशान्त न्यौपानेलाई नगदसहित सम्मान गरेको छ ।




सामुदायिक विद्यालय सुधार अभियन्ता न्यौपानेलाई शैक्षिक गुणस्तर उन्नयनमा निरन्तर योगदान गरे बापत उनलाई यो पुरस्कार प्रदान गरिएको ओप्सका अध्यक्ष लोकेन्द्रबहादुर खड्काले बताए । उक्त कार्यक्रममा एसईई- २०८० मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी, विद्यालय तथा शिक्षकलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि एवम् शिक्षा विकास तथा समन्वय इकाई काठमाडौंका प्रमुख विचारीप्रसाद अधिकारीले सम्पूर्ण उपस्थित व्यक्तित्वहरूप्रति कृतज्ञता ज्ञापन गरे । काठमाडौं जिल्लाले यसपटक ८६.८७ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण गरेको र ९४ जना विद्यार्थीले ४ जीपीए हासिल गरेको आँकडा पेस गर्दै यसमध्ये आठ जना ओप्स सम्बद्ध २३ विद्यालयका मात्र रहेको उनको भनाइ थियो । अधिकारीले आयोजकप्रति पनि आभार प्रकट गरे ।

ओप्सका अध्यक्ष खड्काले आफ्नो संस्थाअन्तर्गत रहेका सम्पूर्ण विद्यालयलाई अझ उत्कृष्ट नतिजा हासिल गर्न हौस्याए भने सम्बन्धित विद्यालयका शिक्षक, कर्मचारीलाई थप मेहनत गर्न उत्प्रेरित गरे । उनले शालीन शब्दमा सबैको संयुक्त प्रयासले मात्र नतिजा सुधार हुने बताए ।

काठमाडौं प्याब्सनका अध्यक्ष प्रेमकुमार राईले कविता र कथाका माध्यमबाट विद्यार्थीलाई आफ्नो रूचिको विषय अध्ययन गरी उत्कृष्टता हासिल गर्न अभिप्रेरित गरे । उनले साउन २८ गते आयोजना हुने जिल्ला प्याब्सनको कार्यक्रममा सरिक हुन आमन्त्रण गरे । उनले सो कार्यक्रममा उत्कृष्ट विद्यार्थी र विद्यालयमात्र नभइ महावीर पुनलगायत लब्ध प्रतिष्ठित व्यक्तित्वहरूलाई समेत सम्मान गर्ने उद्घोष गरे ।

काठमाडौं प्याब्सनका वरिष्ठ उपाध्यक्ष नवराज भट्टले प्याब्सन जिल्लाले आयोजना गर्न लागेको कार्यक्रममा ओप्स सम्बद्ध विद्यालयले धेरै पुरस्कार हात पार्नेमा आफू ढुक्क रहेको भन्दै ओप्सका अध्यक्ष लोकेन्द्रबहादुर खड्काको मुक्तकण्ठले सराहना गरे ।

कार्यक्रममा एसईईमा जीपीए-४ प्राप्त गर्ने प्रतिष्ठा के.सी. रिजन महर्जन, आलिया रिमाल, रस्मिता कोइराला, प्रकृति काफ्ले, प्रनिशा श्रेष्ठ, स्वीकृति उपाध्याय र रोमन श्रेष्ठलाई पाँच हजार रूपैयाँ नगदसहित सम्मान अर्पण गरिएको थियो ।

त्यसरी नै उत्कृष्ट शिक्षकहरू शाहबहादुर कुँवर, गोमा चालिसे, कविराज अम्गाई, नवराज भट्ट, सरिता पौडेल, सिशल श्रेष्ठ, सृजना मगर, ध्रुबप्रसाद देवकोटा, महेन्द्र घिमिरे तथा दीपक भट्टराई पनि सम्मानित भए ।

त्यसैगरी उत्कृष्ट नतिजा हासिल गर्न सफल हिमरश्मि हाइस्कुल, प्रारम्भ वर्ल्ड स्कुल, मनास्लु पब्लिक सेकेन्डरी स्कुल, ग्रेडेड एजुकेसनल मेरिट स्कुल, विभूति विद्या मन्दिर एवम् फेरिल्यान्ड इन्टरनेसनल स्कुललाई पनि औसत उच्च अंक ल्याउने शैक्षिक संस्थाका रूपमा सम्मानित गरिएको थियो ।

त्यसैगरी ओप्सका अतिरिक्त क्रियाकलाप विभाग प्रमुख राजेन्द्रप्रसाद फुयाँललाई पनि सम्मानित गरिएको थियो ।

कार्यक्रममा ओप्सका सल्लाहकारहरू रामबहादुर केसी तथा युवराज थापा अतिथिहरू विष्णुचन्द्र अधिकारी, रविन बस्नेत, धनबहादुर पुन, सुनिता सिंजापती, बद्री भट्ट, नवराज भट्ट, भूपाल गौतम, सञ्चारकर्मी सुशान्त न्यौपाने लगायत थिए ।

प्रमुख अतिथि विचारीप्रसाद अधिकारीले दीप प्रज्वलन गरी समुद्घाटन गरेको सो कार्यक्रममा ओप्सका सहसचिव रविन बस्नेतले उपस्थित सम्पूर्ण महानुभावहरूलाई स्वागत मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रमको सहजीकरण तथा समापन ओप्सका सचिव तथा कौशल इङ्लिस स्कुलका प्राचार्य शिवप्रसाद अर्यालले गरेका थिए । कार्यक्रममा धन्यवाद व्यक्त गर्ने सिलसिलामा तारकेश्वर प्याब्सनका अध्यक्ष तथा एन्जल्स हार्ट स्कुलका प्राचार्य धनबहादुर पुनले निजी विद्यालयले थुप्रै विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरे पनि श्रेय भने स्थानीय तहले यसको लिएकामा असन्तुष्टी प्रकट गर्दै आमन्त्रित व्यक्तित्वहरूलाई उपस्थित भइदिएकामा बधाइ तथा धन्यवाद ज्ञापन गरेका थिए ।

Vacancy Annoucement
One of the reputed recruitment agency is seeking for following applicants.
PRO : 3 (Male/Female)
Salary Negotiable
Requirements:
Minimum 2/3 Years experience in the related fields.
Prakash Human Resource Pvt. Ltd.
Sinamangal-9, Shambhu Marg , Kathmandu, Nepal.
Tel : 01-4560201, Mobile No: 9801358362
E-mail: info@prarkashhumanresource.com
श्रम इजाजत नं. १६५०/०८०/०८१
Website: www.prakashhumanresource.com

Vacancy Announcement
One of the reputed recruitment manpower agency is seeking for following applicants.
Manager - 1 (Male/ Female)
Documentation Officer - 2 (Male/ Female)
Salary Negotiable
Requirements:
★ Should have minimum 3 to 5 years experience in related fields and should know MS office, Photoshop and email internet.
Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at ambeintnepal@gmail.com
AMBE INTERNATIONAL H.R. NEPAL PVT. LTD.
Govt. Lic. No.: 1645/080/081
Samakhushi, Kathmandu, Nepal, Phone : +977 01 5904717

UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी : LALI GURANS BEST EVENT MANAGEMENT LLC शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०४/११ चलानी नं.: ६०२२२७५६ L.T. No.: 308009

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 10 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Engineer - System Developer | 1 | 0 | | 8000 | २९१,१२० | | | | | | | |
| 3. | General Workers/Waiter | 6 | 0 | | 1200 | ४३,६६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २० गते (4 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DHR Destiny Human Resource Nepal Pvt. Ltd.
Gov. lic. No. 789/065/66
Tinkune, Kathmandu, Nepal
Tel.: 9827754412 | 9808849471 | 9767303751, Email:dhroffice12@gmail.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१३ साउन २०८१, आइतबार
28 July 2024, Sunday

## सम्पादकीय

# प्रधानलाई अस्वीकार गर

राजनीतिक र प्राकृतिक विपत्तिका बीच अर्को एउटा विषयले पनि मुलुकको ध्यान तानिरहेको छ, त्यो हो कृष्णमान प्रधानलाई निर्वाचन आयोगमा सिफारिस । सरकारले प्रधानलाई आयोगमा सिफारिस गरेपछि उनको नैतिक योग्यताको विषय सार्वजनिक भएको हो । प्रस्तावित आयुक्त प्रधानविरूद्ध एक महिलाले आफूमाथि यौन शोषण गरेको उजुरी दिएकी छन् । जागिरको प्रलोभन देखाएर प्रधानले आफूमाथि सन् २०१९ देखि ०२२ सम्म यौन शोषण गरेको, दुर्व्यवहार गरेको र उजुरी गर्न रोकेको ती महिलाको उजुरीमा उल्लेख छ । प्रहरीमा उजुरी गर्न खोज्दा पनि प्रधानले उल्टै 'हनी ट्रयाप'को केस बनाउने चेतावनी दिएको पीडित महिलाको आरोप छ । यो विषय अहिले संसदीय सुनवाइ समितिमा छ ।

समितिमा प्रस्तावित आयुक्त प्रधानले आफूमाथि लागेको आरोप अस्वीकार गरेका छैनन् । तर यो विषय जिल्ला अदालत काठमाडौंमा मिलिसकेको उनको तर्क छ । सार्वजनिक भएको विवरण अनुसार पनि २४ भदौ २०८० मा जिल्ला अदालत काठमाडौमा मिलापत्र भएको देखिन्छ । पीडित महिलाले फिराद दायर गरेपनि एक साता नबित्दै अदालतले मिलापत्र हुने अन्तिम फैसला भएको थियो । त्यस क्रममा पीडित महिलालाई कतै उजुरी नगर्ने सर्तमा १ करोड २५ लाख रूपैयाँ दिएको चेक समेत सार्वजनिक भइसकेको छ । अर्थात् तथ्यहरू र प्रधानको जवाफले पनि ती पीडितमाथि दूर्व्यवहार भएको पुष्टि हुन्छ । जसबापत एक करोड २५ लाख रूपैयाँ दिएको पनि लुकेको छैन ।

तर संसदीय सुनुवाइ समितिले प्रधानबारे कुनै निर्णय लिएको छैन । बरू ४५ दिनभित्र सुनुवाइ नभए स्वतः नियुक्त हुने बाटोतिर प्रक्रिया अगाडि बढेको देखिन्छ । प्रधानको विषय आम सरोकार र चासोको विषय बनिसक्दा पनि सांसदहरूले आवश्यक तदारूकता देखाएको देखिएन । यदि यसरी निर्णय नलिइकन आगामी १७ साउन गुज्रने अवस्था आए प्रधान निर्वाचन आयोगमा आयुक्त नियुक्त हुनेछन् । त्यो बेला राष्ट्रपतिले रोक्ने बाहेक अर्को विकल्प रहँदैन । जबकी संविधानको धारा २४५ को उपधारा (६) ले आयुक्त हुन उच्च नैतिक चरित्र भएको हुनुपर्ने सर्त राखेको छ । तर प्रधान उच्च नैतिक चरित्रको नरहेको पुष्टि स्वयं उनकै बयान र जवाफबाट पुष्टि हुन्छ । तसर्थ सुनुवाइ समितिले एकपटक दीकपराज जोशीलाई प्रधानन्यायाधीशमा रोकेको घटना सम्झनुपर्छ । राजनीतिक नेतृत्वले जस्तोसुकै नियत राखेर सिफारिस गरेपनि सांसदहरूले विवेक प्रयोग गर्न आवश्यक छ । मुलुक, संवैधानिक व्यवस्था र भविष्यका निम्ति एउटा राम्रो नजीर स्थापित गर्न पनि प्रधानलाई अस्वीकार गर्नुपर्छ ।

# पर्यटन र समृद्धि

*असीमित पर्यटकीय सम्भावनाले भरिपूर्ण हुँदाहुँदै पनि नेपालले पर्यटन क्षेत्रमा अपेक्षित विकास गर्न नसक्नुमा कारण आफ्नै छन् । जसबारे नेतृत्व तहबाट उचित समीक्षा हुन सकेको छैन ।*

अग्रलेख



● सोम सापकोटा

हिमालयको मध्य भागमा रहेको भूपरिवेष्टित देश नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक र ऐतिहासिक सम्पदाले धनी छ । यस देशमा सगरमाथासहित विश्वका १० मध्ये आठ वटा अग्ला चुचुरा छन् । यसले नेपाललाई विश्वभरका पर्वतारोही र साहसिक उत्साहीहरूको लागि प्रमुख गन्तव्य बनाउँछ । अग्ला चुचुराहरूका अतिरिक्त, नेपाल विश्वकै निम्ति थुप्रै कारणबाट आकर्षकीय गन्तव्य बनेको छ ।

नेपालको अद्वितीय राष्ट्रिय झण्डा विश्वमा एक मात्र हो, जुन आकारमा अन्यको जस्तो चतुर्भुज छैन । झन्डामा देशको चिनारी हिमालको सङ्केत मात्रै छैन र जसलाई दुई प्रमुख धार्मिक समुदाय हिन्दु र बौद्धको साझा प्रतीकको रूपमा पनि मानिएको छ । सानो भौगोलिक आकारको बाबजुद नेपालमा १२० भन्दा जातीय समूहहरू र १२५ भन्दा बढी भाषाहरू बोल्नेहरूको साथमा अत्यधिक विविधतापूर्ण जनसङ्ख्या छ । जसले पर्यटकहरूलाई जीवन्त सांस्कृतिक अनुभव प्रदान गर्दछ । अर्कोतर्फ, नेपालको इतिहास आफैंमा गौरवपूर्ण छ । नेपाल अन्य देशजस्तो कहिल्यै कसैको उपनिवेश भएन । इतिहासभर आफ्नो सार्वभौमसत्ता कायम राख्दै, आफ्नो अद्वितीय सांस्कृतिक र ऐतिहासिक सम्पदाको संरक्षण गर्दै नेपाल अगाडि बढिरहेको छ । नेपालको इतिहास विश्वकै लागि अध्ययनको विषय बन्न पुगेको छ । विविधताभित्र कसरी नेपाल अक्षुण रह्यो, इतिहासकारहरुले चासोपूर्वक हेर्ने गरेको पाइन्छ ।



केन्द्रीय राजधानीसमेत रहेको काठमाडौं उपत्यका ऐतिहासिक मन्दिर र जीवन्त सडक जीवनका लागि प्रसिद्ध छ । काठमाडौं उपत्यका आफैंमा युनेस्कोको विश्व सम्पदा स्थल हो, पाटन दरबार स्क्वायर र भक्तपुर दरबार स्क्वायरजस्ता महत्त्वपूर्ण स्थानहरूको घर, जुन इतिहास प्रेमीहरूका लागि घुम्नै पर्ने ठाउँहरू हुन् । अप्रिलको मध्यमा मनाइने नेपाली नयाँ वर्षलाई भक्तपुरमा 'बिस्केट जात्रा' र विभिन्न क्षेत्रहरूमा रङ्गिन जुलुस, सङ्गीत र परम्परागत अनुष्ठानहरूद्वारा चिनिन्छ ।

नेपाल अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको अभ्यासमा छ । सन् २०१५ मा, नेपालले लोकतन्त्र र समावेशीताप्रतिको प्रतिबद्धता झल्काउँदै, हिन्दु राजतन्त्रात्मक व्यवस्थाबाट धर्मनिरपेक्ष व्यवस्थामा रूपान्तरण गर्दै नयाँ संविधान अपनाएको थियो । अहिले नेपाल यस व्यवस्थाको अभ्यासकै चरणमा छ ।

नेपालको विशिष्टताको चर्चा गर्दा, यहाँ गाईलाई पुजिन्छ । गाईलाई राष्ट्रिय जनावरको रूपमा राख्दै, गाईको वधलाई गैर कानुनी बनाएको छ । पुजनीय बनाइएको गाईलाई दैनिक जीवन र धार्मिक अभ्यासहरूमा सम्मान गरिन्छ । नेपाल वसन्त ऋतुमा पहाड र हिमालहरूमा फुल्ने राष्ट्रिय फूल, रोडोडेन्ड्रन प्रजातिको उल्लेखनीय विविधताको घर हो, जसले मनमोहक परिदृश्यहरू सिर्जना गर्दछ ।

यस्तै, आफ्नो बहादुरी र शक्तिका लागि प्रख्यात गोर्खाहरू नेपाली सैनिक हुन्, जसले सन् १८१५ देखि ब्रिटिस र भारतीय सेनामा सेवा गरेका छन् । आफ्नो वीरताको लागि विश्वव्यापीरूपमा गोर्खाहरुले उच्च सम्मानित ठाउँ ओगटेका छन् । विश्वले गोर्खाहरूको वीरताको थुप्रै गाथाबारे चर्चा गरेको छ । विज्ञान र प्रविधिको उत्कर्षको यो अवस्थामा पनि गोर्खाहरूको बहादुरीका किस्सा मेटिएका छैनन् । बरु महाशक्ति भनिने राष्ट्रहरूले पनि गोर्खाहरूलाई ठाउँ दिन लालायित देखिन्छन् ।

अर्कोतर्फ, नेपाली व्यञ्जनहरू जनसङ्ख्याको रूपमा विविध छन् । यहाँ युरोप र अमेरिकामा जस्तो एकै प्रकृतिको खाना छैन । मोमो, दाल-भात (दाल, चामल र तरकारीहरू) र गुन्द्रुक (किण्वित पातदार सागहरू) जस्ता व्यञ्जनहरू यहाँ प्रसिद्ध छन् । विशेषगरी समुदायअनुसार परिकार भिन्न-भिन्न छन् । सरदर नेपालीको एउटै परिकार (दाल-भात) छ भने समुदायअनुसार नेवार, गुरुङ्ग, शेर्पालगायतको खानाको परिकार बेग्लै छ । भू-भागअनुसार पनि खानाको परिकार भिन्न-भिन्न पाइन्छ । जुन विश्वकै निम्ति उदाहरणीय छ । अहिले विशेष गरी विदेशी पाहुना समुदायअनुसारका परिकार खाना लालायित भएको पाइन्छ ।

नेपाल आफ्नै विविधताले चर्चित छ । सानो भूगोल भएको नेपालको विश्वमा बेग्लै महत्त्व छ । विश्वले उच्च सम्मानपूर्वक हेर्ने अर्को विषय हो, नेपाल बुद्धको देश हो । नेपालको रुपन्देही जिल्लामा अवस्थित लुम्बिनी भगवान् बुद्धको जन्मस्थल हो । जहाँ वर्षेनी लाखौं बुद्ध धर्मका अनुयायी एवम् अन्य घुम्नको लागि लुम्बिनी आउने गरेका छन् । विशेषगरी बौद्धधर्म मान्ने देशका निम्ति नेपालको लुम्बिनी निकै महत्त्वपूर्ण रहेको छ ।

नेपालले दिव्य नारी शक्तिको भौतिक अवतार मानिने जीवित देवी कुमारीलाई पूजा गर्ने अनौठो परम्पराको अभ्यास गर्दछ । यो परम्परा धेरै सांस्कृतिक चाडपर्व र समारोहहरूको अभिन्न अंग हो । जुन परापूर्व कालदेखि चल्दै आएको छ । काठमाडौं उपत्यकामा कुमारीको विषय निकै महत्त्वपूर्ण रहिआएको छ । जसलाई पर्यटकले पनि उच्च महत्वको साथ हेरेको पाइन्छ ।

नेपालको दुर्गम भूभाग र राजसी पहाडहरूले यसलाई पर्वतारोहण र पदयात्राको लागि शीर्ष गन्तव्य बनाउँदछ, साहसिक पर्यटकहरूलाई अन्नपूर्ण सर्किट र एभरेस्ट आधार शिविर जस्ता ट्रेलहरू अन्वेषण गर्न उत्सुक बनाउँदछ । हिमालयन क्षेत्रको लोक परम्पराबाट प्रभावित नेपाली सङ्गीतमा मादल र सारङ्गी जस्ता अनौठो वाद्यहरू प्रस्तुत गरिएको छ, जसले आगन्तुकहरूलाई श्रवण अनुभव प्रदान गर्दछ ।

ढाका कपडा, यसको विशिष्ट ढाँचा र जीवन्त रङहरूका लागि परिचित, हातले बुनेको कपडा हो जुन मुख्य रूपमा परम्परागत टोपी र सलहरूमा प्रयोग गरिन्छ र पर्यटकहरूका लागि लोकप्रिय स्मारिका हो । यति वा हिममानव एक पौराणिक प्राणी हो, जसलाई हिमालयमा बसोबास गर्ने भनिएको छ । जसमा रोमाञ्चक साहसी र मिथक उत्साहीहरूका दृश्यहरूका कथाहरू छन् ।

नेपालले देशको समृद्ध सांस्कृतिक सम्पदा झल्काउने ग्रेगोरियन क्यालेन्डरभन्दा करिब ५६ वर्ष ८ महिना अगाडि विक्रम संवत् पात्रो प्रयोग गर्छ । जसले विश्वमै बेग्लै पहिचान दिलाउँछ । विशेष गरी सनातनिक परम्परासँग मिल्यो विक्रम संवत्को क्यालेन्डरले अन्यलाई पनि उत्सुक बनाएको पाइन्छ ।

> *पर्यटकीय दृष्टिबाट नेपाल निकै सम्भावना बोकेको मुलुक भएपनि यसको विकास र बिस्तारमा कैयन् समस्या देखिन्छन् । जसको पहिचान गरेर अगाडि बढेमा नेपालले पर्यटनबाटै आफूलाई समृद्ध बनाउन सक्छ । तर, जसका निम्ति राजनीतिक स्थायित्वसँगै समयानुकुल पर्यटनमैत्री नीति ल्याइनु अनिवार्य देखिन्छ ।*

नेपालमा पनि अपेक्षाकृत युवा जनसङ्ख्या छ, जसमा लगभग आधा २० वर्षभन्दा कम उमेरका छन्, जसले राष्ट्रको भविष्यलाई आकार दिने चुनौती र अवसर दुवै प्रस्तुत गर्दछ । अग्लो चुचुराहरू र प्राचीन मन्दिरहरूदेखि लिएर समृद्ध सांस्कृतिक परम्परा र विविध व्यञ्जनहरूसम्म, नेपालले अतुलनीय पर्यटन अनुभव प्रदान गर्दछ । यी कम ज्ञात तथ्यहरूले यस हिमालय राष्ट्रको अद्वितीय आकर्षणलाई हाइलाइट गर्दछ, यात्रुहरूलाई यसको लुकेका खजानाहरू अन्वेषण गर्न र पत्ता लगाउन आमन्त्रित गर्दछ ।

असीमित पर्यटकीय सम्भावनाले भरिपूर्ण हुँदाहुँदै पनि नेपालले पर्यटन क्षेत्रमा अपेक्षित विकास गर्न नसक्नुमा कारण आफ्नै छन् । जसबारे नेतृत्व तहबाट उचित समीक्षा हुन सकेको छैन । पर्यटकीय दृष्टिबाट नेपाल निकै सम्भावना बोकेको मुलुक भए तापनि यसको विकास र विस्तारमा कैयन् समस्या देखिन्छन् । जसको पहिचान गरेर अगाडि बढेमा नेपालले पर्यटनबाटै आफूलाई समृद्ध बनाउन सक्छ । तर, जसका निम्ति राजनीतिक स्थायित्वसँगै पर्यटनमैत्री नीति ल्याइनु आवश्यक छ । पर्यटन क्षेत्रको विकासमार्फत देशभित्रै पर्याप्त रोजगारीको सिर्जना गराई युवा शक्तिलाई विदेश पलायन हुनबाट रोक्न सकिन्छ । मुलुकको समृद्धि टाढा छैन ।

*(सापकोटा, पर्यटन प्रवर्द्धक हुन् ।)*

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

जब मानिसले कर्मलाई विश्वास गर्छ, तब उसले संघर्ष र मेहनत गर्न थाल्छ, जब मानिसले भाग्यलाई विश्वास गर्छ, तब उनले चाकरी गर्न थाल्छ । कर्मले मानिसलाई ज्ञान निर्माण, क्रियाशिल र योग्य बन्न प्रेरित गर्छ भने भाग्यले मानिसलाई अल्छि र अन्धभक्त बनाउने संस्कार सिकाउँछ ।



**- चन्द्र श्रेष्ठ**

हाम्रा देशका नेता-नेतृत्वहरूले विश्वका ठूला-ठूला नेता-नेतृत्व एवम् विद्वानहरूका भनाइलाई सांसदको भूमिका आफूलाई उभ्याएर सुनाउँदै गर्दा; कमसेकम घुस लिने र दिने दुवै मुलकका लागि शत्रु हुन् भन्ने दिव्य उपदेश आफ्नैबाट सिक्दै व्यवहारमा लागु गरेमा सुशासन त्यहींबाट शुरूवात हुने थियो कि ।



**- नेत्र बुढा**

राज्यभन्दा पुँजीपति शक्तिशाली हुने र यिनीहरूले राज्य वा कानुनभन्दा माथि रहेर अदृश्यरूपमा राज्य सञ्चालन गर्ने प्रवृत्ति व्यापक देखियो । आर्थिक तथा राजनैतिक एजेण्डा तय पनि पुँजीपतिहरूले नै गरिदिने र राजनीतिज्ञहरू कर्पोरेट हाउसहरूको निरीह खेतालामा परिणत भएको पनि देखियो ।




**- मनोज बयलकोटी**

अन्तर्राष्ट्रिय भाषा ज्ञान हुनेलाई उन्नत ठानिन्छ । राष्ट्रिय भाषाको ज्ञान प्रवर्द्धन प्रचार र मौलिकतालाई ध्यान दिनु असक्षम ठहरिन्छ । राष्ट्रियता, भाषा, धर्म र स्वाधीनताको रक्षा र संरक्षण पहिलो प्राथमिकतामा पर्नुपर्छ । यी कुरामा नेफोलीहरूको चेतनाको स्तर कहिले वृद्धि हुन्छ ?

# हलो क्रान्ति र सामाजिक जागरण

विचार



● विजयराज न्यौपाने

तत्कालीन अशिक्षा, अन्धविश्वास, कुसंस्कार, कुमान्यताले जकडिएको यथास्थितिको समाजमा नवीन चेतना, सामाजिक परिवर्तनको तरङ्ग मच्चाउने एक अभियान थियो हलो आन्दोलन । भित्री मूल ध्येय निरंकुश, एकतन्त्रीय राणाशासनको विरोध गर्नु थियो । वास्तवमा हलोक्रान्ति केवल कोरा क्रान्ति नभई एउटा आध्यात्मिक मलजलका माध्यमद्वारा निस्केको, जागरण र विकासको उद्देश्यमा कदम चालिएको सामाजिक क्रान्ति थियो । २००६ साउन ११ गते छेडिएको हलो आन्दोलन एक राजनीतिक, सामाजिक एवम् आर्थिक आन्दोलन पनि थियो । ब्राम्हणहरुले हलो जोत्न हुँदैन भन्ने रुढीवादी सामन्त संस्कारको अन्त्य गरे । ब्राम्हणहरुले हलो जोत्न हुँदैन भन्ने कुरा शास्त्र र कानुन दुवैमा छैन । त्यसैले हामी कृषक हौं, कृषकले भूमि खनजोत गर्न हुन्छ । आऊ ! जोतौं भनी पण्डित तोयनाथ अधिकारीले आह्वान गरेको हलो क्रान्तिमा २००६ साउन ११ गतेका दिन पण्डित तोयनाथ अधिकारी, लेप्टेन शेषकान्त पौडेल, मुखिया हरिभक्त पौडेल, तथा श्रीकान्त अधिकारी लगायत २७ जना ब्राम्हणहरुले हलो जोतेर हलो क्रान्तिको शुरुआत गरेका थिए ।

हलो क्रान्तिले हलीका रुपमा खनजोत गर्ने दलितका छोरालाई अप्रत्यक्षरुपमा किनबेच गर्ने प्रथाको अन्त्य, हली नपाएर हैरान भएका कृषक ब्राम्हणहरुको समस्या समाधन, छोईछिटोको अन्त्य, रुढीवादी परम्परा बिसर्जन, सामन्त संस्कारलाई चुनौती र राणाशासन बिरोधी संगठनलाई ऊर्जा थप्ने काम गर्‍यो । हलोजोत क्रान्तिले समाजमा ठूलो हलचल पैदा गर्‍यो । जोत्ने र नजोत्नेहरुका बीच भातभान्छा र पानी बाराबार हुँदै गयो । कतिपय सामन्ती ब्राम्हणले त बुहारीहरुलाई घर र माइती समेत गराएनन् बरु छोरीहरुलाई घर निकाला गरिदिए ।

यस आन्दोलनको मिर्मिरे उज्यालो ल्याउने केन्द्रीय तारा थिए पण्डित तोयनाथ अधिकारी । उनीसहित नेपाली सामाजिक आकाशमा चम्चमाउने उज्याला चार तारा थिए- पं. तोयानाथ अधिकारी, ले.शेषकान्त अधिकारी, मु. हरिभक पौडेल, राजनेता श्रीकान्त अधिकारी । यिनै तारा वरिपरि अन्य ताराहरू पनि मिर्मिरे उज्यालो ल्याउन चम्चमाइरहेका थिए । आज यस आन्दोलनको परिचर्चा गर्दै यसको वास्तविकता बुझी खुला र उदार समाज निर्माणमा बल पुर्‍याउँदै सर्वोदयका लागि व्यक्तिगत स्वार्थलाई तिलाञ्जलि दिई निःस्वार्थ ढङ्गले अभिप्रेरित हुँदै सामाजिक जागरणका लागि सङ्कल्पित हुने दिन पनि हो । यस किसिमको सामाजिक जागरण ल्याउने काम अभियानकै रूपमा निरन्तर चलिरहनु पर्दछ । ब्राम्हणको हलोजोत आन्दोलनलाई व्यापक बनाउन र सर्वसाधारणहरूको समेत सहभागिता र समर्थन प्राप्त गर्नका लागि लमजुङ, दुराडाँडामा २००४ सालदेखि २००६ सालको प्रारम्भसम्म पुराण वाचन गरिएको थियो । नैतिक, चारित्रिक उत्थानसहित जनचेतना जगाउने, प्रजातन्त्र प्राप्तिका लागि बल पुर्‍याउने, आफ्नो काम आफैं गरी स्वावलम्बी बन्ने बनाउने उद्देश्यले पुराणका माध्यमबाट समाज परिवर्तनका लागि चालिएको एक सांस्कृतिक अभियान थियो पुराण वाचन । चारजना पण्डित वाचक रहेको यस महापुराण अभियानमा आधुनिक ढङगले पुराणको मर्मलाई व्यावहारिक ढङ्गले ढालेर भन्ने सम्झाउने मूल पण्डित तोयानाथ अधिकारी थिए । उनको प्रवचन समावेशी समाज निर्माणमा बल पुग्ने किसिमको हुन्थ्यो भन्ने बुझिन्छ ।

छुवाछुतको भेद रहेको तत्कालीन समाजमा दलितले पुराण वाचन सुन्नु हुँदैन भन्नी हेय र तिरस्कार एकथरी यथास्थितिका पक्षमा रहेका मानिसले गरे तर पं. तोयनाथले शास्त्री आधारमै व्याख्या गरेर सुन्न हुन्छ, उसले पनि आफूलाई सही बाटोमा हिँडाउन सक्छ भनी अनुमति दिएका थिए भन्ने बुझिन्छ । आज हामी समावेशीकरणको नारा उठाएका छौं भने त्यति बेलाको पुराण वाचनमा समावेशीतालाई जोड दिइएको थियो । झट्ट हेर्दा धार्मिक, सांस्कृतिक अभियान वा अर्कोतिर कृषि क्रान्ति जस्तो देखिए पनि यो निरंङ्कुश राणातन्त्रका विरुद्ध छेडिएको सुनियोजित आन्दोलन थियो । यस आन्दोलनलाई शास्त्रीय ढङ्गले हेर्ने, प्रतिवाद गर्ने काम शास्त्रीसम्मको अध्ययन सकेर गाउँघर फर्केका सामाजिक अभियन्ता पं.तोयनाथ अधिकारीको घर नजिकै अर्चलेनी, दुराडाँडामा सर्वप्रथम ब्राह्मणद्वारा हलो जोतिएको थियो ।

हलो क्रान्तिपछि छुवाछुतको क्रमशः अन्त्य हुँदै गयो । ब्राम्हणका चेलीबेटीको कोशेली बोकेर दलितहरुले घरमाइती गराउन थाले । ब्राम्हणहरु आफैले जोतेर खेती लगाउने चलनको थालनी भयो । विद्यालयमा समावेसी सहशिक्षाको परम्परा शुरुभयो । विस्तारै समाजको ठूलो हिस्सा भने परिवर्तनकै पक्षमा उभियो । कविता पनि पक्ष र विपक्षमा छेडछाड गरेर लेखिए । यथास्थितिको आडमा टाँसिएको तत्कालीन राणा सरकारले ठूलै धक्का महसुस गर्‍यो र आन्दोलनका अगुवाहरूलाई जेलमा कोच्यो तर उनीहरूले जेलमै विद्रोह गरे । आखिर बिनाशर्त जेलमुक्त गर्न सरकार वाध्य हुनु पनि पर्‍यो ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष : | पुरानो कार्य बन्ने योग छ । स्वास्थ्य लाभ हुनेछ । |
| मिथुन : | रोकावटहरू समाप्त हुनेछ । आयमा वृद्धि हुने योग छ । |
| कर्कट : | मुकद्मा सम्बन्धी समस्याको योग छ । यात्रा सफल हुनेछ । |
| सिंह : | माङ्गलिक कार्य हुनेछ । पद वृद्धिको योग छ । |
| कन्या : | मनोबल उच्च रहनेछ । विद्यार्थीहरूको लागि शुभ समय छ । |
| तुला : | भूमि लाभ हुनेछ । कार्यहरूमा सावधानी राख्नुहोला । |
| वृश्चिक : | व्यवसायबाट सफलता एवम् प्रसन्नता प्राप्त हुनेछ । |
| धनु : | यात्रा सफल र सुखद रहनेछ । नाता-गोतासित भेटघाट हुनेछ । |
| मकर : | धार्मिक कार्यमा रुचि बढ्नेछ । राजनैतिक समारोहमा सहभागी हुनु पर्नेछ । |
| कुम्भ : | प्रशस्त मात्रामा धन कमाई हुनेछ । खर्चमाथि नियन्त्रण राख्नुहोला । |
| मीन : | शैक्षणिक कार्यमा प्रगति हुनेछ । शान्तिमा वृद्धि हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

अमेरिकी राष्ट्रपति निर्वाचन

# कमला ह्यारिसद्वारा उम्मेदवारी घोषणा

**काठमाडौं/एजेन्सी–** अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपति चुनावका लागि आफ्नो उम्मेदवारीको आधिकारिक घोषणा गरेकी छन् । 'आज, मैले संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पदका लागि आधिकारिक रूपमा मेरो उम्मेदवारी घोषणा गर्ने फारमहरूमा हस्ताक्षर गरेको छु । म हरेक मत कमाउन कडा मेहनत गर्नेछु र नोभेम्बरमा हाम्रो जित हुनेछ,' कमला ह्यारिसले आफ्नो पोस्टमा भनिन् ।

नोभेम्बर ५ मा हुने अमेरिकी राष्ट्रपति चुनावमा उपराष्ट्रपति कमला ह्यारिसलाई डेमोक्र्याटिक पार्टीले आफ्नो उम्मेदवारको रूपमा समर्थन जनाएको छ । यसअघि शुक्रबार पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामाले अमेरिकी राष्ट्रपति पदका लागि कमला ह्यारिसलाई सार्वजनिक रूपमा समर्थन गरेका थिए । ओबामाले आफू र अमेरिकाकी पूर्व प्रथम महिला मिशेल ओबामाले नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा ह्यारिसको जित सुनिश्चित गर्न सक्दो सहयोग गर्ने बताए ।



यस हप्ताको शुरुमा ओभल अफिसबाट राष्ट्रलाई सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले कमला ह्यारिसलाई 'महान उपराष्ट्रपति'को रुपमा सम्बोधन गरेका थिए । 'उहाँ अनुभवी हुनुहुन्छ र राष्ट्रपति पदका लागि सक्षम हुनुहुन्छ,' बाइडेनले भनेका थिए ।

यसबाहेक, ह्वाइट हाउसका प्रेस सचिव करिन जिन पियरेले डेमोक्र्याटिक पार्टीबाट राष्ट्रपति उम्मेदवारका लागि कमला ह्यारिसभन्दा योग्य अरु नभएको बताएका थिए ।

बाइडेन चुनावी प्रतिस्पर्धाबाट बाहिरिएपछि ह्यारिसलाई यो अवसर जुरेको हो । केही दिनअघि बाइडेनले आफू फेरि राष्ट्रपति बन्ने चुनावी दौडबाट बाहिरिएको घोषणा गरेका थिए । त्यसबेला नै उनले आफ्नो ठाउँमा डेमोक्रेटिक पार्टीबाट राष्ट्रपतिको उम्मेदवारका रूपमा उपराष्ट्रपति कमला ह्यारिसलाई अघि सारेका थिए ।

बाइडेनले गत महिनाको अन्त्यमा विनाशकारी बहस प्रदर्शनपछि चुनावमा आफ्नो व्यवहारिकताको बारेमा बढ्दो संख्यामा डेमोक्रेटहरूले चिन्ता व्यक्त गरेपछि राष्ट्रपतिको दौडबाट बाहिरिने घोषणा गरेका हुन् ।

## इजरायली सेनाद्वारा गाजामा पुनः निकासीको आदेश जारी

**काठमाडौं/एजेन्सी–** गत बुधबार पाँचवटा इजरायलीको शव बरामद गरेसँगै इजरायली सेनाले शनिबार दक्षिणी गाजाको खान युनिस सहरका बासिन्दालाई उक्त स्थान खाली गर्न आदेश जारी गरेको छ । इजरायली सेनाले गत सोमबारबाट यस क्षेत्रमा कारबाही शुरु गरेदेखि लडाइँका कारण एक लाख ८० हजारभन्दा बढी प्यालेस्टिनी विस्थापित भएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

प्यालेस्टिनी क्षेत्रमा बिग्रदो स्वास्थ्य र सरसफाईको अवस्था रिपोर्ट गर्दै राष्ट्रसंघले बढ्दो द्वन्द्व र बारम्बारको निकासीले सहायता कार्यलाई अस्थिर बनाएको उल्लेख गरेको छ ।

सुरक्षित मानवीय क्षेत्रसहित खान युनिस क्षेत्रमा सेनाले बासिन्दालाई निकासी चेतावनी दिएपछि स्वास्थ्य मन्त्रालयले सोमबार खान युनिसमा इजरायली कारबाहीमा ७० जनाको मृत्यु हुनुका साथै २ सय भन्दा बढी घाइते भएको जनएको छ ।

सुरुवाती समयमा तिव्र लडाइँ भएको त्यस क्षेत्रबाट इजरायलतर्फ रकेट फायर रोक्ने कार्य गर्ने जनाउदै सेनाले निकासी आदेश दिएको हो । खान युनिसका बासिन्दालाई शनिबार अल-मवासीको समायोजित मानवीय क्षेत्र खाली गर्न दिएको यो सेनाको दोस्रो आदेश हो ।

प्रत्यक्षदर्शी र उद्धारकर्ताहरूले शुक्रबार पूर्वी खान युनिस वरपर लडाइँ जारी रहेको र सहरको नासेर अस्पतालमा चिकित्सकले दक्षिणी प्रान्तका विभिन्न भागहरूबाट कम्तिमा १६ जनाको शव उद्धार गरेको बताएका छन् ।

यसैबीच अष्ट्रेलिया, क्यानाडा र न्युजिल्यान्डले संयुक्त विज्ञप्ति मार्फत गाजामा तत्काल युद्धविरामको आह्वान गरेका छन् ।

## ताइवानमा आँधीले आठ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** ताइवानमा 'टाइफुन गेमी' आँधीले कम्तिमा आठ जनाको मृत्यु भएको छ । केन्द्रीय आपतकालीन सञ्चालन केन्द्र (सिइओसी)को शुक्रबार जारी सिइओसीको तथ्यांकअनुसार चक्रवातको कारण एक जना बेपत्ता हुनुका साथै ८६६ जना घाइते भएका छन् ।

चक्रवात ताइवान छोडी चिनमा पुगेता पनि, मध्य र दक्षिणी ताइवानमा अविरल वर्षा जारी रहने सञ्चारमाध्यम फोकस ताइवानले रिपोर्ट गरेको छ । आँधी प्रभावित क्षेत्रमा चक्रवातका कारण भएका विविध दुर्घटनामा परी मानिसहरुले ज्यान गुमाएको फोकस ताइवानले जनाएको छ ।

ज्यान गुमाउनेहरुको अहिलेसम्म पहिचान हुन नसकेको जनाउदै अनुसन्धान जारी रहेको फोकस ताइवानले रिपोर्ट गरेको छ । अझै पनि अधिकारीहरूले बेपत्ताहरुको खोजी गरिरहेका छन् । सिइओसीका अनुसार आँधीका कारण विस्थापित भएका एक हजार २ सय ३२ जनालाइ सुरक्षित राख्नका लागि २७९ वटा आपतकालीन शिविर निर्माण गरिएको छ । केन्द्रले ताइवानको पूर्वी र दक्षिणी भागमा अझै पनि भारी वर्षाको सम्भावना रहेको जनाएको छ ।

## 'सुरक्षाका लागि विद्यार्थी नेतालाई पक्राउ गरिएको हो'



**काठमाडौं/एजेन्सी–** बंगलादेशमा निजामती सेवामा आरक्षण (कोटा) प्रणालीको विरोधमा भएको प्रदर्शनले देशव्यापी अशान्ति मच्चाएपछि तीन विद्यार्थी नेतालाई उनीहरूको सुरक्षाका लागि नै हिरासतमा लिइएको बंगलादेशको प्रशासनले जनाएको छ ।

'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन'का प्रमुख नाहिद इस्लाम र प्रदर्शन समूहका अन्य दुई वरिष्ठ सदस्यलाई शुक्रबार अस्पतालबाट जबर्जस्ती डिस्चार्ज गरिएको र सादा पोशाकमा आएका प्रहरीले उनीहरूलाई लिएर गएका थिए ।

सडक प्रदर्शनमा प्रहरीले व्यापक दमन गरेको छ। अस्पताल र प्रहरीले एएएफपीलाई दिएको तथ्यांकअनुसार प्रदर्शनका क्रममा सुरक्षाकर्मी र प्रदर्शनकारीबीच केही दिनयता चलेको झडपमा कम्तीमा २०१ जनाको मृत्यु भएको थियो ।

इस्लामले यसै साताको शुरूमा एएफपीसँग कुरा गर्दै उनको राजधानी ढाकाको एक अस्पतालमा उपचार भइरहेको बताएका थिए ।

इस्लाम र उनका दुई सहकर्मीलाई हिरासतमा लिएको भन्ने कुरा प्रहरीले सुरुमा अस्वीकार गरेको थियो तर गृहमन्त्री असदुज्जमान खानले शुक्रबार अबेर पत्रकारसँग कुरा गर्दै भने, 'केही मानिसहरूले उनीहरूलाई धम्की दिएको र उनीहरूले असुरक्षित महसुस गरिरहेको सूचनापछि सुरक्षाकर्मीको नियन्त्रणमा राखिएको हो ।'

उनले भने, 'उनीहरूको सुरक्षाको लागि धम्की कसले दिइरहेको छ भनेर पत्ता लगाउन सोधपुछ आवश्यक छ । सोधपुछपछि हामी अर्को कदम चाल्नेछौँ ।'

खानले तीनै जनालाई औपचारिक रुपमा पक्राउ गरिएको हो वा होइन भन्ने पुष्टि गरेका छैनन् । गत हप्ता ढाकाका प्रदर्शनकारी र दंगा प्रहरीबीच सडक संघर्ष भएको र सरकारी भवन र प्रहरी चौकीमा आगजनीसमेत भएको थियो ।

आन्दोलनमा सहभागिता बढ्न थालेपछि हसिना प्रशासनले सेना परिचालन गरेको, देशव्यापी इन्टरनेट अवरोध गरेको र शान्ति बहालीका लागि भन्दै कर्फ्यू आदेश जारी गरेको थियो ।

प्रहरी र सरकार समर्थित विद्यार्थी समूहले गत हप्ताभन्दा पहिले शान्तिपूर्ण रूपमा रहेको 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन'द्वारा आयोजित सडक र्‍यालीमा आक्रमण गरेपछि अशान्ति शुरु भएको थियो ।

समूहका प्रमुख संयोजक २६ वर्षीय इस्लामले सोमबार अस्पतालको शय्याबाट एएफपीसँग कुरा गर्दै उनको जीवनमाथि खतरा रहेको बताएका थिए ।

दुई दिनअघि प्रहरी जासुस दावी गर्ने एक समूहले आफूलाई आँखामा पट्टी बाँधी, हत्कडी लगाई अर्को दिन बिहान रिहा हुनुअघि यातना दिन अज्ञात स्थानमा लगेको उनले बताए ।

प्रदर्शनको नेतृत्व गरेका अर्का सदस्य आसिफ महमुदले एएफपीसँग कुरा गर्दै गत साताको अशान्तिका बेला आफूलाई पनि प्रहरीले हिरासतमा लिएको र कुटपिट गरेको बताएका थिए ।

अशान्ति शुरु भएयता प्रहरीले कम्तीमा चार हजार ५०० जनालाई पक्राउ गरिसकेको छ । 'हामीले राजधानीमा छापा मारेका छौं र अपराधीलाई पक्राउ नगरेसम्म हामी छापा मार्ने क्रम जारी राख्नेछौं,' ढाका महानगरीय प्रहरीका संयुक्त आयुक्त विप्लवकुमार सरकारले एएफपीसँग बताए ।

उनले सुरक्षाकर्मीले सामान्य विद्यार्थीलाई पक्राउ नगर्ने तर सरकारी सम्पत्तिमा तोडफोड गर्ने र आगजनी गर्नेहरूलाई मात्र पक्राउ गरिने बताए ।


# भीमफेदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**भीमफेदी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः– २०८१/०४/१३ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्र अन्तर्गतको दफा ६२ बमोजिम यस भीमफेदी गाउँपालिकाले निर्माण, सञ्चालन र व्यवस्थापन गरेको देहायको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेबापत भीमफेदी गाउँपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेको दररेटमा सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीबाट सेवा शुल्क सङ्कलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले दर्ता प्रमाणपत्र, ईजाजतपत्र नवीकरण प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/८० को करचुक्ता र नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपिहरुको नोटरी प्रमाणित संलग्न गरी देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल–**
**दरभाउपत्र फारम दस्तुरः–रु.१०००/–(फिर्ता नहुने गरी)**

| आय ठेक्का/ सूचना नं. | ठेक्काको नाम | पूर्वाधार सेवा शुल्क संकलन गर्ने क्षेत्र | न्युनतम ठेक्का अंक रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| BRMMK/IR -01/2081/82 | ईपा/कोगटे पौडी पोखरीको पूर्वाधार उपयोग सेवा शुल्क संकलन गर्ने कार्य | भीमफेदी-७ कोगटेखोला स्थित पौडी पोखरी (१३८१२ फिट क्षेत्रफलको २ वटा कोठा समेत) | १०,००,०००/- (दश लाख) (मु.अ.कर बाहेक) | २०८१/४/२७ कार्यालय समयसम्म | २०८१/४/२८ दिनको १२:०० बजेसम्म | २०८१/४/२८ दिनको १:०० बजे |
| BRMMK/IR -02/2081/82 | चिसापानीगढीको पूर्वाधार उपयोग सेवा शुल्क संकलन गर्ने कार्य | भीमफेदी-६ स्थित चिसापानीगढी | २,००,०००/- (दुई लाख) (मु.अ. कर बाहेक) | २०८१/४/२७ कार्यालय समयसम्म | २०८१/४/२८ दिनको १२:०० बजेसम्म | २०८१/४/२८ दिनको १:०० बजे |
| BRMMK/IR -03/2081/82 | व्यवसायिक सटर भवन भाडामा लगाउने कार्य | भीमफेदी-६ भीमफेदी बजार | ८,९७,०००/- (आठ लाख सन्तानब्बे हजार) | २०८१/४/२७ कार्यालय समयसम्म | २०८१/४/२८ दिनको १२:०० बजेसम्म | २०८१/४/२८ दिनको १:०० बजे |

**शर्तहरुः–**

१. उल्लेखित ठेक्काको सम्झौताको अवधि सम्झौता मितिदेखि आ.व.२०८२/८३ को आषाढ मसान्तसम्मको लागि हुनेछ ।
२. उल्लेखित आय ठेक्काको दरभाउपत्र फारम माथि सूचनामा उल्लेखित मिति भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सकिनेछ ।
३. दरभाउपत्रदाताले खामको बाहिरपट्टि दरभाउपत्र दाताको नाम, ठेक्का नाम, ठेक्काको नं., पेश गर्ने कार्यालयको नाम प्रष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।
४. उल्लेखित कामको दरभाउपत्र फर्मको नाममा खरिद गर्ने भए फर्म ईजाजत पत्रको नवीकरण प्रमाणपत्र, स्थायी लेखा तथा मु.अ.कर दर्ताको प्रमाणपत्र, आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरुको नोटरी प्रमाणित संलग्न गर्नु पर्नेछ ।
५. खरिद गरिएको दरभाउपत्रहरु दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेसम्म शिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ । रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु दर्ता हुने अन्तिम दिनको दिनको १:०० बजे कार्यालयको प्रतिनिधि र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि उल्लेखित आय ठेक्काको सिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन । सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत (गैर नेपाली नागरिकको हकमा कबोल गरेको अंकको १० प्रतिशत) रकम धरौटी वापत भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सी.एशिया बैक लि. भीमफेदी शाखामा रहेको धरौटी खाता नं. G7CA503072524001 मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Bond) पेश गर्नुपर्नेछ ।
६. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । अंक र अक्षरलाई पुनर्लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा दरभाउपत्रदाताको अनिवार्य हस्ताक्षर हुनु पर्नेछ । फर्म वा कम्पनी भए छाप समेत हुनु पर्नेछ ।
७. दरभाउपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोलिपल्टलाई खरिद वा दाखिलाको अन्तिम दिन मानिनेछ ।
८. ठेक्का कबोल अंकको रकम ठेकेदारले एकमुष्ट वा किस्ताबन्दीमा बुझाउने भएमा ६ किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्ता सम्झौता गर्दा बखत कुल कबोल अंकको २५ प्रतिशत, दोश्रो किस्ता ३० प्रतिशत, तेश्रो किस्ता १५ प्रतिशत र बाँकी ३ किस्ताहरु १०/१० प्रतिशत सम्झौतामा उल्लेख भएको अवधिमा बुझाईसक्नु पर्नेछ । किस्तावन्दीमा रकम बुझाउने सम्झौता गरेमा भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सी.एशिया बैक लि. भीमफेदी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. 167CA57503077001 मा जम्मा गरेको सक्कलै भौचर र बाँकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०८३ भाद्र मसान्तसम्म म्याद कायम रहेको कार्यसम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ ।
९. जुन व्यक्ति/फर्मको नाममा सिलबन्दी दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र दाखिला/दर्ता हुनुपर्नेछ । एक फर्मको नाममा खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को फर्मको नाममा दर्ता गर्न पाइने छैन । यस्तो देखिएमा स्वतः रद्द हुनेछ ।
१०. ठेक्का अवधिभर ठेक्का सञ्चालन स्थलको सरसफाई तथा सामान्य मर्मत सम्भार गर्ने जिम्मा ठेकेदारको हुनेछ । ठेक्का अवधिमा ठेक्का सञ्चालन स्थलमा कुनै हानी नोक्सानी/क्षति हुन गएमा सो को मर्मत ठेकेदार स्वयंले गर्नुपर्नेछ ।
११. ठेक्काको म्याद सकिएपछि अर्को ठेक्का व्यवस्थापन नभइन्जेलसम्म लागि साविककै दररेटमा शुल्क/दस्तुर बुझाउने गरी आपसी सहमतिका आधारमा बढीमा १ महिना ठेक्काको म्याद थप गर्न सक्नेछ । यसरी म्याद थप गर्दा गाउँपालिकालाई बुझाउनुपर्ने रकम अग्रिम रुपमा नै बुझाउनुपर्नेछ ।
१२. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको, रीत नपुगेको, कुनै शर्त राखी पेश भएको, सूचनाको शर्त विपरित भएको दरभाउपत्रमाथि कुनै कारबाही हुने छैन ।
१३. दर्ता भएको सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने, रद्द गर्ने, आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१४. यस सूचनामा उल्लेखित बुँदाहरुको हकमा यसै बमोजिम र नखुलेको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, भीमफदी गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७५, कार्यालयको निर्णय, सम्झौता तथा प्रचलित कानुन बमोजिम हुनेछ । साथै अन्य जानकारीका लागि भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# बक्स अफिस समाचार

## महोत्सवपछि सार्वजनिक प्रदर्शनमा आउँदै ‘शाम्बाला’

**काठमाडौं/मस–** पहिलो निर्देशकीय चलचित्र ‘कालोपोथी’मार्फत अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उपस्थिति देखाएका निर्देशक मीनबहादुर भामको निर्देशनमा तयार भएको दोस्रो चलचित्र ‘शाम्बाला’को नेपाल प्रदर्शन भदौ २८ गतेलाई तय गरिएको छ ।

विश्व प्रतिष्ठित ‘बर्लिन अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०२४’ मा अन्तर र्राष्ट्रिय चलचित्रको विधाअन्तर्गत छनोट भएको ‘शाम्बाला’ महोत्सवपछि नेपाल प्रदर्शनमा ल्याईएको निर्देशक भामले जानकारी दिए ।

‘घरेलु दर्शकमाझ आउँदा उत्साहित छु । पहिलो चलचित्र सीमित चलचित्र भवनमा मात्र प्रदर्शन भएको थियो, यो



भने नेपालभर प्रदर्शन हुँदैछ । हामीले आठ वर्षदेखि यसको निर्माण गरिरहेका छौँ, आजको यो सफलता त्यो यात्रामा गरिएको दुःखको प्रतिफल हो जस्तो लाग्छ,’ निर्देशक भामले भने ।

उनले चलचित्रको शुरुवात गर्दा ‘चिसो वर्ष’ नाम राखे पनि तयार भएपछि ‘शाम्बाला’ राखिएको जानकारी दिँदै यसमा मौलिकपना नहराओस् भनेर नेपालीसँगै तिब्बतको भाषा प्रयोग गरिएको बताए ।

उच्च हिमाली गाउँमा गर्भवती श्रीमतिले देवरका साथमा श्रीमानको खोजीमा हिँडेको कथा प्रस्तुत गरिएको चलचित्रलाई निर्देशक भामले अविनाशविक्रम शाहसँग मिलेर लेखेका हुन् । डोल्पामा दृश्यांकन गरिएको चलचित्रमा थिन्ले ल्हामो, सोनम तोप्द्न, तेन्जिङ डल्हाल, कार्म शाक्यलगायतले अभिनय गरेका छन् ।

निर्देशक भामद्वारा निर्देशित लघु चलचित्र ‘बाँसुल्ली’बाट पहिलोपटक नेपालबाट भेनिस अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा प्रवेश भएको थियो भने उनको पहिलो निर्देशकीय चलचित्र ‘कालोपोथी’ले थुप्रै अन्तर्राष्ट्रिय पुरस्कार (अवार्ड) जित्न सफल भएको थियो ।

## ‘मिस युनिभर्स नेपाल २०२४’को शीर्ष ३५ का लागि अडिसन हुँदै

**काठमाडौं/मस–** ‘मिस युनिभर्स नेपाल २०२४’ का लागि यही सोमबार अडिसन हुने भएको छ । प्रिलिमिनरी राउन्डबाट छनोट भएका ६० जनामध्ये ३५ जनाको अडिसनमार्फत हिल्टन काठमाडौंमा छनोट हुने आयोजकले जनाएको छ ।

अडिसनको जज प्यानलमा लोकप्रिय गायिका इन्दिरा जोशी, मिस युनिभर्स नेपाल २०२२ सोफिया भुजेल र कोरियोग्राफर दिक्पाल कार्की रहेका छन् । त्यस्तै आयोजक ग्लोबल ग्ल्यामर भेन्चरका म्यानेजिङ डिरेक्टर आलोक छेत्री, सिइओ एवम प्रेसिडेन्ट सबी पुरी र मिस युनिभर्स नेपालको नेसनल डिरेक्टर संगीता पुरीले जजको रुपमा अडिसन लिने भएका छन् ।

उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय इमेज कन्सल्ट्यान्ट एवम पेजेन्ट कोच एलेक्जेन्डर गोन्जालेज र




पेजन्ट एनलिस्ट लुइस पोर्तेलिसले भने भर्चुअल माध्यमदेखि सहभागीता जनाउनेछन् ।

यो अडिसनमा छनोट हुने ३५ प्रतिस्पर्धीले फिनालेको लागि प्रशिक्षण तयारीमा भाग लिनेछन् । उनीहरुलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रशिक्षकहरुबाट व्यक्तित्व विकास, वाककला, पब्लिक स्पिकिङ, आर्थिक व्यवस्थापनलगायत विभिन्न जीवन उपयोगी सीपहरु सिकाइने आयोजकले जनाएको छ ।

यसपटकको मिस युनिभर्स नेपाल २०२४ मा ट्रान्सजेन्डर, विवाहित, गैर नेपाली महिलाहरू र डाक्टर, इन्जिनियर, पाइलटलगायत विभिन्न पृष्ठभूमिका व्यक्तिहरूको उत्साहजनक र समावेशी सहभागिता रहेको मिस युनिभर्स नेपालकी नेसनल डिरेक्टर संगीता पुरीले जानकारी दिइन् ।

‘मिस युनिभर्स नेपाल २०२४’को ग्रान्ड फिनाले आगामी सेप्टेम्बरको पहिलो हप्ता हुँदैछ । विजेताले नोभेम्वरमा हुने मिस युनिभर्स २०२४ का लागि मेक्सिकोमा १०० देशहरुसँग प्रतिस्पर्धा गर्नेछिन् ।

## ग्लोरी टिन एण्ड किड्स ट्यालेण्ट्सको प्रथम अडिसन साउन १९ मा




**काठमाडौं/मस–** ग्लोरी टिन एण्ड किड्स ट्यालेण्ट्सको प्रथम अडिसन गोंगबु आत्मज्ञानस्थित कुक्कु रेष्टुरेष्ट एण्ड इभेन्टमा हुने भएको छ । यस सौन्दर्य प्रतियोगिताका लागि साउन १९ गते शनिबार विहान १० बजेदेखि साढे ३ बजेसम्म अडिसन हुन लागेको हो ।

नेपाल टेलिभिजनबाट बाल कार्यक्रमदेखि हास्य टेलिशृंखला हुँदै मेगा इभेन्ट मानिने टेलिभिजन रियालिटी शो आयोजनाका साथै सहकार्यमा विविध इभेन्ट कार्यक्रम प्रस्तुत गर्दै आएको ग्लोरी मिडियाले बाल दिवस २०८१ को अवसर पारेर कार्यक्रम आयोजना गर्न लागेको हो । ७ देखि १८ वर्षसम्मका बालबालिकाहरुले कार्यक्रममा भाग लिन पाउने मिडियाले जनाएको छ । जसमा ७ वर्षदेखि १२ वर्ष उमेर समूहका बालबालिकाले किड्स ट्यालेण्ट र १३ देखि १८ वर्ष उमेरका बालबालिकाहरुले टिन ट्यालेण्टमा भाग लिन पाउनेछन् । प्रतियोगीले १८ घण्टा बराबर करिब २० दिन अवधिको कोरियोग्राफीसहित व्यक्तित्व विकास, आत्मविश्वास, मोडलिङ, क्यामेरा फेस तथा टेलिभिजन कार्यक्रम सञ्चालनलगायतका विषयमा प्रशिक्षण प्राप्त गर्नेछन् ।

प्रतियोगिताअन्तर्गत प्रथम अडिसनपश्चात १८ घण्टाका लागि प्रशिक्षण शुरु हुनेछ भने भदौ २९ गते राष्ट्रिय बाल दिवसको अवसरमा ग्राण्ड फिनाले कार्यक्रम आयोजना गरिने ग्लोरी मिडियाका अध्यक्ष एवम् प्रबन्ध निर्देशक सरोज ओझाले जानकारी दिए । कार्यक्रममा अन्तर्राष्ट्रिय कोरियोग्राफर रोजिन शाक्य मुख्य कोरियोग्राफर रहने पनि उनले बताए ।

‘यो सौन्दर्य प्रतियोगिता मात्रै नभइ बृहत् र बाल सहभागितामुलक टेलिभिजन कार्यक्रम निर्माणको तयारी पनि हो । त्यसैले यो प्रतियोगिता अन्य प्याजेन्ट शो भन्दा भिन्न हुनेछ र हामी बालबालिकामैत्री शोको अवधारणालाई अगाडि बढाउने प्रयत्न यसै प्रतियोगितामार्फत गर्दैछौं,’ ओझाले कार्यक्रम आयोजनाको उद्देश्यमाथि प्रकाश पार्दै भने ।

ग्लोरीले कार्यक्रमका लागि वर्ल्ड टच टुर्स एण्ड ट्राभल्स, ल्होत्से थकाली, श्रीराज टेलर्स, ग्लोबल अनलाइन पे, एभेन्टोज नेपाल, मोडल संग्स नेपाल, राज्य मिडिया नेटवर्कलगायतका संस्था तथा कम्पनीहरुसँग सहकार्य गरेको छ भने सहकार्य साझेदारहरु थप गरिँदै लगिने पनि जनाएको छ । प्रतियोगितासँग केही ठूला कम्पनीहरु, बालबालिकाको अधिकारको क्षेत्रमा क्रियाशील संघ संस्था, शिक्षालय तथा सो सम्बद्ध छाता संस्था, अभिभावक सम्बद्ध संस्थासमेत प्रायोजक र साझेदारका रुपमा जोडिन सक्ने बाटो खुला रहेको ओझाले बताए ।

प्रतियोगिताको उपाधि विजेतालाई नगद २५ हजार, फर्स्ट रनरअपलाई १५ हजार र सेकेन्ड रनरअपलाई १० हजार नगदसहित पोखरा जाने-आउने टुरिष्ट बसको टिकट उपलब्ध गराइनुका साथै अन्य गिफ्ट ह्याम्पर प्रदान गरिने छ ।

## तिज गीत ‘पैतालीमा खिल पर्‍यो’ बजारमा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १२ साउन

हिन्दु नारीहरूको महान् पर्व हरितालिका तिज नजिकिँदै गर्दा तिज पर्वलाई लक्षित गर्दै सर्जक, गायक, गायिकाहरूले तिज विशेष गीतहरू सार्वजनिक गरिरहेका छन् । विशेषतः नारीहरूको पर्व मानिने तिजमा एक विवाहित चेली माइत आएको बेला आफूले पराइको घरमा गर्नुपरेका दुःख या सुखका अनुभूतिहरूलाई गीतको माध्यमबाट आफ्ना साथीसंगी जम्मा भएर आफ्ना मनोभावना व्यक्त गर्ने चलन परापूर्वकालदेखि चल्दै आएको हो । यही पर्वलाई लक्षित गर्दै नयाँ तिज गीत ‘पैतालीमा खिल पर्‍यो’ बजारमा आएको छ ।




‘आइनँ आमा आइनँ, उठेर बसेर मै नाच्न पाइनँ पैतालीमा खिल पर्‍यो आइनँ आमा आइनँ’ भन्दै नयाँ तिज गीत बजारमा ल्याइएको हो । जापानमा रहेका कलाकारहरू मिलेर जापानमै छायाँकन गरिएको गीतको भिडियोमा श्रीष गौतम, रेजिना रेग्मी, अनुज पौडेल, शोभा श्रेष्ठ, सिरु गौतम र चिना गिरीको अभिनय रहेको छ । कतारमा कार्यरत नयन शर्माले संगीत भरेको गीतका शब्द कतारमै कार्यरत सन्दीप पोडेलले लेखेका हुन् ।

आफैंमा कुशल कलाकारसमेत रहेका रबिन शर्माले निर्देशन गरेको म्युजिक भिडियोको कोरियोग्राफी भने कुशल शर्माले गरेका हुन् । सुनिल परियारले म्युजिक अरेन्ज गरेको गीतमा रामजी पौडेल र सुनिता बुढा क्षेत्रीले आवाज भरेका छन् । गोविन्द विष्टले खिचेको भिडियोलाई विकास ज्ञवालीले सम्पादन गरेका हुन् ।

134
Years of Excellence
Ensure Holistic Approach to Patients
Congratulations !
BIR HOSPITAL
NATIONAL ACADEMY OF MEDICAL SCIENCES
Many Congratulations on achieving this significant milestone.

National Electro-Tech Pvt. Ltd.
2nd Floor, House No. 283, Devkota Sadak
New Baneshwor, Kathmandu
Tel: 4596907 E-mail: netpl@etpl.com.np

Prime Life Care International Pvt. Ltd.
(27/19, Seto-Dhoka, Jamal, Durbarmarg, Kathmandu, Nepal), professionally managed Pharmaceuticals and allied products importer and distributors house operating in Nepal, has been in the field of high-end life-saving formulation for years.
PRIME LIFE CARE INTERNATIONAL Pvt. Ltd.
PHARMACEUTICALS IMPORTER & DISTRIBUTORS
We are dealing in products of:
Octapharma AG, Switzerland (Biological Products)
Bharat Serums and Vaccines Ltd. India (Life Saving Medicines)
Beacon Pharmaceuticals Ltd. Bangladesh (Oncology and Hepatology Medicines)
LaRenon Healthcare Pvt. Ltd(Stanford Laboratories Pvt. Ltd, India) (Food-supplement, Nephrology Products)

## फिल्म ‘कर्मा’ निर्माण घोषणा

**काठमाडौं/मस–** गत वर्षको फागुन १८ गते प्रदर्शनमा आएको फिल्म ‘अगस्त्य : च्याप्टर-१’लाई निर्देशन गरेर तारिफ कमाएका निर्देशक सौरभ चौधरीले नयाँ फिल्म निर्माणको घोषणा गरेका छन् । फिल्मको नाम ‘कर्मा’ राखिएको छ । बिहीबार फिल्म थिम पोस्ट सार्वजनिक गर्दै निर्माणको घोषणा गरिएको हो । सार्वजनिक थिम पोस्ट हेर्दा युद्ध लड्न हिँडेका सैानिहरु देख्न सकिन्छ ।

यस फिल्मलाई सौरभ चौधरीले निर्देशन गर्ने भएका छन् भने फिल्मको कथा पनि उनी स्वयंले लेखेका छन् । यो फिल्म एक्सन ड्रामा एडभेन्चर जनरामा निर्माण हुने बताइएको छ ।

निर्देशक चौधरीको यो तेस्रो प्रोजेक्ट हो । तीन वर्षअघि उनी निर्देशित ‘लभ डायरिज’ रिलिज भएको थियो ।

निर्देशक चौधरीले फिल्मको




टाइटल घोषणासँगै भने, ‘अहिलेसम्म जे जति फिडब्याक पाएको छु, राम्रै पाइरहेको छु । बजेटभित्र उत्कृष्ट काम निकाल्ने हाम्रो प्रयास हुन्छ । यो फिल्म एक्सन मात्रै होइन । एक्सन फिल्मको हिस्सा हो तर फिल्मको बलियो भनेको यसको स्क्रिप्ट हो । यसको पटकथा कसिलो छ ।’

आर्टिस्टिक इनटरटेनमेन्टको प्रस्तुति रहने फिल्ममा बसन्त लम्सालले लगानी गर्नेछन् । फिल्मको कथावस्तु र कलाकारबारे निर्माणपक्षले अहिले जानकारी दिएको छैन । कलाकार अनुबन्ध गर्ने क्रम जारी नै रहेकाले पछि जानकारी गराउने निर्देशक चौधरीले जानकारी दिए ।

**सुनकोशी कालिका बहुमुखी क्याम्पस,**
**सुनकोशी ३, सिस्नेरी, ओखलढुङ्गा**

**प्रथम पटक बोलपत्र आव्हानको सूचना**

**मिति : २०८१/०४/१३**

यस क्याम्पसको बोलपत्र सम्बन्धी सूचना IBF NO.: 01/NCB/BCWORKS/UGC/SKMC/081/082 http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस क्याम्पसमा सम्पर्क राख्नु हुन तथा सम्बन्धित Website http://bolpatra.gov.np/egp मा Visit गर्नु हुन अनुरोध छ ।

**क्याम्पस प्रमुख**

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भीमदत्तपुर, डडेल्धुरा**


**बोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धी सूचना**

**सूचना प्रकाशित मितिः २०८१/०४/१३**

आलिताल गाउँपालिका, भिमदत्तपुर, डडेल्धुराको मिति २०८१/०३/०४ गते प्रकाशित निर्माण र खरिद सम्वन्धिको सूचना अनुसार यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुमध्ये न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही तपसिलका ठेक्काहरुको बोलपत्र स्वीकृतिको लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३, दफा २७ (२) प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कूल कबोल अङ्क रू (भ्याट र पि.एस सहित) | कैफियत |
|---|---|---|---|---|
| 1 | Construction Of Naali,Dandakharka Road,Aalital Rural Munnicipality-03 (ALTRM/NCB/Works/05/2080/081) | Surpal Nirman Sewa, Dhangadhi-3, Kailali. | 16,66,843.92 | |
| 2 | Fabrication of steel parts and transportation up to road heads of Khinnebhadi Trail (Suspension 83m) Bridge, Aalital Rural Munnicipality-07 (ALTRM/NCB/Goods/01/2080/081) | Lumbini Engineering Works Pvt.Ltd Butwal, Rupandehi | 24,44,796.47 | |

**प्रमुख प्रशासकीय अधिकृत**



विश्व खेलकुदको सबैभन्दा ठूलो मेला ३३औं समर ओलम्पिक (पेरिस ओलम्पिक २०२४)को उद्घाटन समारोह । तस्विर : एपी

# पेरिस ओलम्पिकमा चीनलाई पहिलो स्वर्ण

**काठमाडौं/मस–** पेरिस ओलम्पिकमा चीनले पहिलो स्वर्ण जितेको छ । मिक्स टिम १० मिटर एयर राइफलको फाइनलमा सेङ लिहाओ र हुआङ युतिङको जोडीले दक्षिण कोरियाका केयुम जी-हेयोन र पार्क हा-जुनको जोडीलाई १६-१२ ले पराजित गर्दै स्वर्ण जितेको हो । त्यस्तै दोस्रो भएको दक्षिण कोरियाले रजत पदक जितेको छ भने तेस्रो भएको काजकिस्तानले काश्य पदक जितेको छ ।



पेरिस ओलम्पिक-२०२४ को एक भव्य समारोहबीच शुक्रबार उद्घाटन गरिएको थियो । शुक्रबार औपचारिक उद्घाटन भएपनि केही खेलहरु भने जुलाई २४ तारिकदेखि नै शुरु भइसकेको छ । फुटबल, आर्चरी, रग्बी सेभेन्स र ह्यान्डबल उद्घाटनअघि नै शुरु भइसकेको छ ।

ओलम्पिकको इतिहासमा उद्घाटन समारोह रंगशाला बाहिर पहिलो पटक भएको हो । सहभागी टोलीलाई डुंगा र 'क्रुज' मा राखेर सेन नदीमा मार्च पास्ट गराइएको थियो । पेरिसस्थित पोन्ट दि अस्टरलिजबाट सुरु भएको मार्च पास्ट विश्वचर्चित आइफल टावरमा पुगेर टुंगिएको थियो । कडा सुरक्षाबीच भएको उद्घाटन समारोहको मार्च पास्टका लागि ८५ डुंगा प्रयोग गरिएको थियो ।

मार्च पास्टमा नेपालको झण्डा श्यान्टु श्रेष्ठ र मनीता श्रेष्ठ प्रधानले बोकेका थिए । लैंगिक समानतालाई मध्यनजर गरी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) ले टोकियो ओलम्पिक- २०२० को संस्करणदेखि पुरुष र महिला खेलाडीलाई मार्च पास्टमा राष्ट्रिय झण्डा बोक्न दिन शुरु गरेको हो । मार्च पास्टमा श्यान्टु र मनीतासहित नेपालबाट ८ जना सहभागी थिए ।

नेपाली टोलीका 'सेफ दि मिसन' राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल ओलम्पिक कमिटी (एनओसी)का उपाध्यक्ष एवम् कार्यकारी निर्देशक चतुरानन्द राज वैद्य, एनओसीकी उपाध्यक्ष ज्योति राणा, एनओसीका सचिव रामजीबहादुर श्रेष्ठ, पौडी खेलाडी एलेक्जेन्डर शाह र ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल सहभागी थिए । मार्च पास्टका लागि नेपालसहित नामिबिया र नाउरुको टोलीलाई एउटै डुंगामा राखिएको थियो । मार्च पास्ट सहभागी २ सय ६ राष्ट्रका खेलाडी र अफिसियल गरी करिब ७ हजार मात्र सहभागी थिए ।

फ्रान्सले १ सय वर्षपछि ओलम्पिक आयोजना गरेको हो । पछिल्लोपटक १९२४ को आठौं संस्करण पेरिस सहरमै भएको थियो । फ्रान्सले ओलम्पिक आयोजना गरेको यो तेश्रो पटक हो । सन् १९०० को ओलम्पिक पनि फ्रान्समै भएको थियो ।

पेरिस ओलम्पिकको ३३औं संस्करणमा नेपालबाट ६ खेलमा ७ खेलाडी सहभागी छन् । ३ पुरुष र ४ महिला खेलाडी सहभागी छन् । टेबलटेनिसमा श्यान्टु श्रेष्ठ र ब्याडमिन्टनमा प्रिन्स दाहालले पुरुष सिंगल्समा प्रतिस्पर्धा गर्ने छन् । पुरुष १ सय मिटर फ्रिस्टायलमा एलेक्जेन्डर शाहले भाग लिने छन् ।

महिलामा सुटिङकी सुस्मिताले १० मिटर एयर राइफल, पौडीकी डुवाना लामाले २ सय मिटर फ्रिस्टायल, जुडोकी मनीता श्रेष्ठ प्रधानले ५७ केजीमुनि र एथलेटिक्सकी सन्तोषी श्रेष्ठले म्याराथन (४२.१९५ किलोमिटर) मा नेपालको चुनौती प्रस्तुत गर्ने छन् । सन्तोषी बाहेक सबै खेलाडी पेरिसमै छन् । सन्तोषी जुलाइ ३० तारिखमा पेरिस आइपुग्ने छिन् । सन्तोषीको खेल पेरिस ओलम्पिकको अन्तिम दिन अगष्ट ११ तारिकमा छ ।

सातै नेपाली खेलाडीको यो 'डुब्यु' ओलम्पिक हो । सन् १९६४ को टोकियो ओलम्पिकदेखि नेपालले गृष्मकालीन ओलम्पिकमा सहभागिता जनाउन थालेएता टेबलटेनिस र ब्याडमिन्टनमा नेपालले पहिलोपटक सहभागिता जनाउन लागेको हो । त्यसमा श्यान्टु छनोट चरण पार गरेरै ओलम्पिकमा सहभागी हुन लागेका हुन् । नेपालमै भएको दक्षिण एसियाली ओलम्पिक छनोट प्रतियोगितामा पहिलो हुँदै श्यान्टुले पेरिस ओलम्पिक-२०२४ मा स्थान पक्का गरेका थिए । गृष्मकालीन ओलम्पिकमा यस्तो उपलब्धी हात पार्ने श्यान्टु तेश्रो नेपाली खेलाडी हुन् । यसअघि संगीना वैद्यले २००४ को एथेन्स ओलम्पिक तथा दीपक विष्टले २००८ को बेइजिङ ओलम्पिक छनोट चरण पार गर्दै नेपालको प्रतिनिधित्व गरेका थिए ।

पेरिस ओलम्पिकमा २ सय ६ राष्ट्रका करिब १० हजार ५ सय खेलाडीले ३ सय २९ स्पर्धामा प्रतिस्पर्धा गर्ने छन् । प्रत्येक ४ वर्षको अन्तरालमा हुने ओलम्पिक यो पटक तीन वर्षमा भएको हो । ३२ औं संस्करणको टोकियो ओलम्पिक २०२० लाई तय भएपनि कोभिड-१९ का कारण २०२१ मा भएको थियो ।

यसैबीच उद्घाटन समारोहको अघिल्लो दिन फ्रान्सस्थित नेपाली दूतावासले पेरिस ओलम्पिकमा सहभागी हुने नेपाली टोलीलाई स्वागत गर्दै सफलताका लागि शुभकामना दिएको थियो ।

## महिला एसिया कप
# उपाधिका लागि भारत र श्रीलंका भिड्ने

**काठमाडौं/मस–** एसिसी महिला एसिया कपको उपाधिका लागि भारत र श्रीलंका भिड्ने भएका छन् । शुक्रबार सम्पन्न पहिलो सेमिफाइनलमा बंगलादेशलाई १० विकेटले पराजित गर्दै भारत नवौं पटक फाइनलमा प्रवेश गरेको हो । दोस्रो सेमिफाइनलमा श्रीलंकाले एक बल बाँकी छँदै सात विकेट गुमाएर भारतसँगको भेट पक्का गर्‍यो ।





श्रीलंका पाँचौं पटक फाइनलमा प्रवेश गरेको हो । चौथो संस्करणसम्म श्रीलंका लगातार फाइनल प्रवेश गरेको थियो । तर उक्त संस्करणमा भारतसँग पराजित हुँदै उपविजेता बनेको थियो । त्यसपछिका तीन सिजन भने श्रीलंका फाइनल प्रवेश गर्न सकेको थिएन । अन्तिम संस्करणमा फाइनल पुगे पनि श्रीलंका भारतसँग आठ विकेटले पराजित भएको थियो ।

शुक्रबार राति भएको खेलमा श्रीलंकाले पाकिस्तानलाई ३ विकेटले पराजित गर्‍यो । श्रीलंकालाई जितका लागि एक रन आवश्यक हुँदा खेलको निर्णय पाँचौं बलमा भएको थियो । अनुष्का संजीवनीले आफ्ना घरेलु फ्यानहरूलाई निराश हुन दिइनन् र श्रीलंकालाई फाइनलमा पुऱ्याउन सफल भइन् ।

खेलको प्लेयर अफ द म्याच श्रीलंकाकी कप्तान चमारी अटापट्टु भइन् । उनले ४८ बलमा ६३ रन बनाइन् । खेलमा टस हारेर पहिले ब्याटिङ गरेको पाकिस्तानले ४ विकेट गुमाएर १४० रन बनाएको थियो ।

अन्तिम दुई ओभरमा श्रीलंकालाई जितका लागि १६ रन आवश्यक थियो र ६ विकेटको पतनपछि केही दबाबमा आयो । सुगन्धिका कुमारीले तेस्रो र पाँचौं बलमा चौका प्रहार गर्दै श्रीलंकालाई खेलमा फर्काइन् । १९औं ओभरमा १३ रन बनाएपछि श्रीलंकाले अन्तिम ओभरमा तीन रन जोड्नु परेको थियो ।

पहिला ब्याटिङ गर्दा पाकिस्तानकी मुनेवा अलीले सर्वाधिक ३७ रन बनाउँदा गुल फिरोजाले २५ रन जोडिन् । निदा दारले २३ रन बनाउँदा फतिमा सानाले पनि २३ रनको नटआउट पारि खेलिन् । एलिया रियाज १६ रनमा नटआउट रहिन् । उदेशिका प्रवोधिनी र कभिसा दिलहारीले दुई दुई विकेट लिएका थिए ।

# तनहुँमा नेपाल खेलकुद पत्रकार मञ्च गठन

**तनहुँ/मस–** तनहुँमा खेलकुल पत्रकार मञ्च गठन गरिएको छ । भानु नगरपालिका-१ भन्सारमा आज बसेको पत्रकारको भेलाले पत्रकार मदन वाग्लेको अध्यक्षतामा १३ सदस्यीय नेपाल खेलकुद पत्रकार मञ्च तनहुँ गठन गरेको हो। समितिको उपाध्यक्षमा पूर्ण विक, सचिवमा उपेन्द्र खनाल, कोषाध्यक्षमा मिला दरै र सहसचिवमा सुदीप पौडेल रहेका छन् । त्यस्तै, समितिको सदस्यमा मनोजकुमार श्रेष्ठ, राजेश कार्की, करिस्मा गुरुङ, हरि खरेल, रामबहादुर धामी, सरेश सेन्चुरी, मिलन तामाङ र डिपी अधिकारीलाई चयन गरिएको छ ।

**मैत्रीपूर्ण फुटबलमा पत्रकार टिम विजयी**

१७औं भानुकप फुटबल प्रतियोगिताको पूर्वसन्ध्यामा आयोजित मैत्रीपूर्ण फुटबलमा नेपाल पत्रकार महासंघ तनहुँ विजयी भएको छ । मैत्रीपूर्ण फुटबलमा महासंघ तनहुँले आयोजक भन्सार युवा परिवारलाई ४-३ गोलले पराजित गरेको हो । पत्रकारका तर्फबाट सुदीप पौडेल र मनोजकुमार श्रेष्ठले २/२ गोल गरेका थिए । आयोजकका तर्फबाट प्रेम तामाङले २ र एलोन तामाङले १ गोल गरेको कार्यक्रम संयोजक विष्णु अधिकारीले बताए । मैत्रीपूर्ण खेलमा भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीसमेत सहभाभी भएका थिए । दुई सय ११औं भानु जयन्तीका अवसरमा यही साउन १९ गतेदेखि हुने १७औं भानुकप फुटबल प्रतियोगितालाई लिएर आयोजक र पत्रकारबीच मैत्रीपूर्ण फुटबल गरिएको थियो ।

**SAUDI ARABIA मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: AL EMAR AL FARIDAH CONTRACTING COMPANY IS A ONE PERSON COMPANY शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०४/११ चलानी नं.: ६०२२२७४० L.T. No.: 308024

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६४,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २० गते (4 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Pigeon H.R. Solutions Pvt. Ltd.
Govt Lic. No. 1366/074/075
गोंगबु-२६, काठमाडौ, फोन : ४३६५०२२, ४३६४५२६, ९८५१००२९०५
Email: pigeonhrsolutions@gmail.com, Website: www.pigeonhr.com

**साउदीमा रोजगार** | कम्पनी: ABDUL RHAMAN ALHATHAL EST शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०४/११ चलानी नं.: ६०२२२७५३ LT. No.: 308036

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २० गते (4 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

फ्यूचर माईन्डस् प्रा. लि.
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: ALFARAN AL-RAYFI BAKERY FOR SWEETS शहर : SAKAKA
पूर्व स्वीकृत मिति: २०८१/०४/११ चलानी नं.: ६०२२२७१९ LT. No.:308052

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २० गते (4 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सुगम ओभरसिज प्रा. लि.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

**KUWAIT मा रोजगार** | कम्पनी : TOKYO BAR FOOD SUPPLY RESTAURANT CO.WLL शहर: KUWAIT
पुर्व स्वीकृत मिति: २०८१/०३/२१ चलानी नं.: ६०२२१९५९ L.T. No.: 307269 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | स. काममा दक्ष | 150 | ६५,२९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MALKI WOOD CENTER FOR CARPENTRY WORKS शहर: KUWAIT
पुर्व स्वीकृत मिति: २०८१/०३/१४ चलानी नं.: ६०२२१७२० L.T. No.: 306926 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wood Carpenter | 3 | 0 | स. काममा दक्ष | 140 | ६०,७४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २० गते (4 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9805945922, 9805945923, 9702046184
Whatsapp : 9801054682, 981054684, 9801078894
E-mail: omama.manpower1422@gmail.com, URL : www.omamamanpower.com
omamamanpowerdemand@gmail.com

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL MIRQAB TOURIST COMPANY शहर: DOHA
पुर्व स्वीकृत मिति: २०८१/०४/११ चलानी नं.: ६०२२२७३३ LT. No.: 308059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Director of Audit | 1 | 0 | स. काममा दक्ष | 16000 | ५८६,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २० गते (4 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

लाईफ लाईन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१–५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at poc@lifelineoverseas.com.
Mobile No: 9851193449 | 9851017534 | 9851180954
Itahari- 9852022500 | Butwal- 9851002976 | Pokhara- 9803906755

**युएईमा रोजगारको अवसर** | कम्पनी : HORTENZ CLEANING SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०६/२६ चलानी नं.: ६०१८९०४८ LT. No.: 273437 पुन विज्ञापन


| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker & Helper | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,३८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २० गते (4 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

मित्र ओभरसिज सर्भिस प्रा. लि.
श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८
Email: mitraoverseas@yahoo.com, शाखा कार्यालय:ईटहरी सम्पर्क नः ०२५–५८०६८९



# 'मौद्रिक नीतिमा राष्ट्र बैंकभन्दा सरकारको हस्तक्षेप बढी देखियो'

नेपाल राष्ट्र बैंकले अर्थतन्त्र सुधार्नका लागि भन्दै सजगतापूर्ण तरिकाबाट लचिलो मौद्रिक नीति ल्याएको जनाएको छ । मौद्रिक नीतिले पछिल्लो दुई वर्ष यतादेखि नै शिथिल बन्दै गएको अर्थतन्त्रलाई चलायमान गराउनका लागि भन्दै कर्जा विस्तारमा जोड दिएको छ । अर्थतन्त्रको ऐनाको रुपमा रहेको शेयर बजारलाई बुलिसतर्फ लैजानेगरी नीतिगत व्यवस्था र कर्जा विस्तार बढाउनेतर्फ केन्द्रित भएको देखिन्छ । के नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले ल्याएको मौद्रिक नीतिले अर्थतन्त्रलाई गति दिन सक्छ ? प्रस्तुत छ, नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर एवं अर्थविद् **दिपेन्द्रबहादुर क्षेत्री**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानीको सम्पादित अंश :

**दिपेन्द्रबहादुर क्षेत्री**, पूर्वगभर्नर

**नेपाल राष्ट्र बैकले आर्थिक वर्ष २०८१/८२ को लागि ल्याएको मौद्रिक नीतिलाई कसरी विश्लेषण गर्नुभएको छ ?**

नेपाल राष्ट्र बैंकले अघिल्लो शुक्रबार नै मौद्रिक नीति ल्याउने तयारीमा थियो । तर, प्रधानमन्त्री र अर्थमन्त्रीको प्रवेशले मौद्रिक नीतिमा हुँदा एक साता ढिला आएको हो । अहिले आएको मौद्रिक नीतिमा राष्ट्र बैंक भन्दा सरकारको चाहना बढी देखिन्छ । मलाई लाग्छ मौद्रिक नीति शुक्रबार नै आएको भए यति उदार किसिमको आउने थिएन् । मौद्रिक नीतिमा संस्थागत शेयर धितो कर्जाको सीमा हटाउनु, बजारमा कर्जालाई विस्तार गर्न बजेटले लिएको लक्ष्य भन्दा बढी कर्जा प्रवाहमा जोड दिनु, निमार्ण व्यवसायीलाई चेक अनादर भएको आधारमा मात्रै कालोसूचीमा नपर्ने, नीतिगतदर लगायतको व्यवस्थाले मौद्रिक नीति लचक भएको देखिन्छ । अर्थतन्त्र चलायमान गराउने भन्दा निजी क्षेत्रले खोजेको जस्तो मौद्रिक नीति आएको छ ।

**निजी क्षेत्रकै लागि मौद्रिक नीति लचिलो बनाइएको होला ?**

अब हामीले बुझ्नुपर्ने कुरा भनेको प्रधानमन्त्री, अर्थमन्त्रीले चाहेपछि राष्ट्र बैंकले कडाइ गर्न सक्दैन भन्ने देखिन्छ । मौद्रिक नीतिमा प्रयोग गरेको शब्दलाई हेर्ने हो भने सहजतापूर्ण लचिलो मौद्रिक नीति बनेको देखिन्छ । बजेटमा मुद्रास्फीति ५.५ प्रतिशत रहने अनुमान राखेको छ । त्यस भन्दा तल झरेर ५ प्रतिशतमात्र हुन्छ भनेर मौद्रिक नीतिले भनेको छ । सरकारले बजेटमा भन्दा मुद्रास्फीति कम गरिएको पहिलो पटक हो । धेरैले केन्द्रीय बैंकको अस्वित्व कम भयो भनेर सबै तिर टिप्पणी भइरहेको बेला कर्जा प्रवाह, मूल्यवृद्धिदरबाट राष्ट्र बैंकले आफनो अस्तित्व देखाउनका लागि गरेको जस्तो लाग्छ । मौद्रिक नीतिबाट कर्जा प्रवाह बढाउने भन्ने तर उत्पादनवृद्धि गर्नका निमित्त गफ मात्र गर्ने अवस्था आउने सक्ने देखिन्छ । आयातमा आधारित राजस्व नीति सरकारले लिइरहेको छ । कर्जा दिँदा खुकुलो गरिदिएपछि आयात नै बढ्न सक्छ । सरकारलाई पनि आयात बढ्यो भने तत्कालको लागि राहत हुने भयो । डलरको मूल्य कहिल्यै नघट्ने अति कताबाट मुल्यवृद्धि रोकिन्छ । आन्तरिक उत्पादन गर्नेतर्फ जोड दिने मौद्रिक नीति नबन्दा जति लचिलो भएपनि अर्थतन्त्रका लागि त्यति फलदायी हुँदैन् ।

**मौद्रिक नीति कर्जा विस्तारमा केन्द्रित हुँदा कस्तो असर देखिन सक्छ ?**

नेपालमा कर्जा प्रवाह बढाउन त्यति सजिलो छैन । किनभने कोभिडपछि व्यवसायलाई राहत दिने भनेर पुर्नकर्जा, पुर्नतालिकरण गरेको त होनी ? त्यतिबेलाको असरले अहिले ६ प्रतिशत निष्कृय कर्जा पुगेको छ । साढे १ प्रतिशतबाट बढेर ६ प्रतिशत पुग्यो नी, त्यसो भएकोले अहिले राष्ट्र बैंकले लिएको मौद्रिक नीतिले उत्पादन वृद्धि गर्छ भन्नेमा सहमत हुन सकिँदैन् । शेयरमा २० करोडको लिमिट अन्त्य गरिदिएपछि अब शेयर बजारले गति लेला । यसले इन्स्योरेन्स कम्पनी, बैंक तथा वित्तीय संस्थामा पुँजी वृद्धि होला । तर, मौद्रिक नीतिले लिएको व्यवस्थाले उत्पादन कति बढ्छ ? रोजगारी कति बढ्छ होला ? लक्ष्य त अर्थतन्त्रलाई चलायमान गराउने, उत्पादन र रोजगारी बढाउने हो नी ? तर शेयर बजारबाट आएको बुलिस अर्थतन्त्र चलायमान होला त ? शेयर बजार बढेर गएको राजस्व अतिकति बढ्ला अरु कुरामा योगदान हुने देखिँदैन् ।

**संस्थागत शेयरको सिमा हट्दा के फाइदा हुन्छ ?**

यहाँ लगानीकर्ता र कारोबारी दुई शब्दलाई स्पष्ट गराउन आवश्यक छ । हामीकहाँ कारोबारी धेरै छन् । ६५ लाख भन्दा बढी डिम्याट खाता भएका छन् उनीहरुलाई यो नीतिले छुँदैन । गभर्नरले साह्रै नै प्रेसर आएको हुनाले सीमा हटाएको जस्तो लाग्छ । यस भन्दा अघि पनि केन्द्रीय बैंकले शेयरलाई उत्पादक नहुने क्षेत्र भन्ने गरेको थियो । अहिले यो व्यवस्थाले लौरो पनि नभाचियोस् र सर्प पनि मरोस भन्ने अवधारणा साथ सीमा हटाएको हो । गर्भनरले शुक्रबार नै ल्याएको भए यी सबै कुरा आउने थिएन । यी सबै कुरालाई मौद्रिक नीतिमा समावेश गर्नलाई ७ दिन लाग्यो जस्तो लाग्छ । यस्तै प्रधानमन्त्री र अर्थमन्त्रीले समेत लगानी गर्नका लागि अनुकल प्रकारको आयो भन्दा राष्ट्र बैंक भन्दा सरकार हाबी भएको मौद्रिक नीति भन्न सकिन्छ ।

**अन्त्यमा, यो मौद्रिक नीतिले अर्थतन्त्र चलायनमान गराउँछ ?**

अर्थतन्त्र चलायमान भन्ने शब्दको अर्थको अलिकति व्याख्या गर्नुपर्ने हुन्छ । चलायमान भनेको के ? शेयर बजार अर्थतन्त्रको ऐना हो समेत भन्ने गरिन्छ । दुई दिन बढ्छ अनि फेरि घट्छ । यो चलायमान हो की होइन ? निर्माण व्यवसायीलाई सरकारले पैसा तिर्न नसक्ने, उसले दिएको चेक अनादार भएर कारबाही नगर्ने भन्ने छ । यो कानूनलाई नै चुनौती हो । अरुको चेक अनादरमा मुद्दा लगाएर जेल जानुपर्ने सरकारले आफनो दायित्व पूरा गर्न नसकेका कारणले मौद्रिक नीतिले खुकुलो बनाउने हो भने त्यसले अर्थतन्त्रलाई कहाँनिर मद्दत गर्छ । मेरो हिसाबमा चलायनमान हुनका निमित्त अहिले जसरी सटरहरु खाली भएका छन् । अबको दुई तीन महिनामा सटरहरु फेरि खुल्ने वातावरण देखियो भने, मुलुकमा रोजगारी सम्भावना बढेर गयो, एयरपोर्टबाट दैनिक दुई हजार विदेश जाने संख्या घट्यो अनि उत्पादन बढेर आयात कम भयो भन्ने तथ्यांक आउन सक्यो भने मात्र अर्थतन्त्र चलायनमा भएको भन्ने बुझ्न सकिन्छ ।

## काठमाडौं–तराई–मधेश द्रूतमार्ग : जग्गा अधिग्रहणको प्रतीक्षामा नेपाली सेना



**काठमाडौं/मस** – राष्ट्रिय गौरव एवं रणनीतिक महत्वको काठमाडौं-तराई-मधेश द्रूतमार्ग (फास्ट ट्र्याक) सडक आयोजना निर्धारित समयमै सम्पन्न गर्नेगरी निर्माणलाई तीव्र गतिमा गतिमा अघि बढाइएको छ । नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन सो आयोजनाको हालसम्म ३५ दशमलव ३८ प्रतिशत भौतिक र ३६ दशमलव ६६ प्रतिशत वित्तीय प्रगति भएको छ ।

निर्धारित समयमै निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको सेनाले जनाएको छ । द्रूतमार्ग २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य छ । आयोजनालाई १३ वटा प्योकजमा छुट्याएर निर्माण थालिएको थियो । ती प्याकेजमध्ये द्रूतमार्गको छ दशमलव पाँच किलोमिटरदेखि ७० दशमलव ९७ किलोमिटरसम्मका विभिन्न १० वटा प्याजेकमा धमाधम काम भइरहेको आयोजनाका प्रमुख सहायक रथी विकास पोखरेलले जानकारी दिए ।

प्याकेज नं ११ अन्तर्गत खोकना इलाकाको ० किमीदेखि छ दशमलव पाँच किमीमा द्रूतमार्गको शुरु बिन्दु निर्धारण, सवारी आवागमन व्यवस्थापनसम्बन्धी निर्णय र जग्गा अधिग्रहणसम्बन्धी समस्या समाधान पश्चात खरिद प्रक्रिया शुरु गर्ने गरी तयारी अवस्थामा रहेको नेपाली सेनाले जनाएको छ । आयोजनाको ९५ प्रतिशत प्याकेज कार्यान्वयनको चरणमा प्रवेश गरिसकेका छन् ।

परिमार्जित विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार छ मध्ये तीनवटा सुरुङ निर्माण भइरहेका छन् भने अन्य तीन सुरुङको डिजाइन तथा पूर्वतयारीका कार्य जारी छ । निर्माणाधीन तीन वटा सुरुङमार्गको लम्बाइ छ दशमलव ६६९ किमीमध्ये पाँच दशमलव पाँच सय २८ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भएका छन् । तीन दशमलव ३२२ किमीको निजगढ-काठमाडौंतर्फको महादेवटार सुरुङ हालसम्म दुई दशमलव ०२९ किमी तथा तीन दशमलव ३८६ किमीको काठमाडौं-निजगढतर्फ दुई दशमलव २८८ किमी सुरुङ खनिसकिएको छ । सो सुरुङ यसैवर्ष सम्पन्न गर्नेगरी राति पनि काम भइरहेको सेनाले जनाएको छ ।

निजगढ-कामाठाडौंतर्फको एक दशमलव ६५३ किमी धेर्द्रे सुरुङ गत जेठ ११ गते 'ब्रेकथ्रु' भइसकेको छ भने एक दशमलव ७२८ किमीको काठमाडौं-निजगढ सुरुङ यही महिनामा 'ब्रेकथ्रु' गर्ने तयारी छ । लेनडाँडामा रहेको निजगढ-काठमाडौंतर्फको एक दशमलव ६१२ किमी र काठमाडौं-निजगढतर्फको एक दशमलव ६३३ किमी सुरुङ यसअघि नै खनिसकिएको छ । आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ वटा पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनको चरणमा रहेका छन् । बाँकी चार वटा पुल खोकना क्षेत्रमा रहेका छन् । सो क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण निर्माणमा जान नसकेको सेनाको भनाइ छ । निर्माणाधीन अधिकांश पुलको जमिनमुनी (फाउण्डेसन) को काम सम्पन्न भई जमिनमाथिका काम भइरहेको छ । द्रूतमार्गमा ८१ मिटर अग्ला पुल निर्माण हुनेछन् । हालसम्म पाँच स्थानका पुल निर्माण भइसकेका छन् ।

आयोजनाका लागि आवश्यक जग्गा अधिग्रहणको काममा ढिलाइ हुँदा निर्माण प्रभावित भएको छ । आयोजनाका लागि करिब १७ हजार छ सय ५१ रोपनी जग्गा आवश्यक पर्नेछ । त्यसमध्ये पाँच हजार चार सय ८७ रोपनी व्यक्तिको जग्गा हो । हालसम्म चार हजार आठ सय ११ रोपनी जग्गा अधिग्रहण भइसकेको छ भने तीन सय ९४ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ । खोकना-बुङ्मती खण्डमा दुई सय छ रोपनी जग्गाको मुआब्जा वितरण भएको छैन । आयोजना निर्माणबाट वातावरणीय क्षति हुन नदिन पर्याप्त सजगता अपनाइएको सेनाले जनाएको छ । आयोजना क्षेत्रमा हालसम्म ३१ हजार सात सय ४३ रुख काटिएका छन् । ती रुखको सट्टामा सात लाख पाँच हजार पाँच सय ५२ बिरुवा रोपिएका छन् ।

प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको सो सडकको लम्बाइ ७० दशमवल ९७७ किलोमिटर छ । द्रूत मार्ग पहाडी भूभागमा २५ मिटर र तराई भूभागमा २७ मिटर फराकिलो हुनेछ । द्रूतमार्गमा १० दशमवल ३०९ किमी लम्बाइको छ वटा सुरुङ बन्ने छन् । आयोजनाअन्तर्गत देवीचौरमा एक किमी, सिसौटारमा शून्य दशमलव ३९ किमी, चन्द्राम भीरमा दुई दशमलव २५ किमी, महादेवडाँडामा तीन दशमलव ३५५ किमी, धेद्रेमा एक दशमलव ६९१ र लेनडाँडामा एक दशमलव ६२३ किमी लामो सुरुङ निर्माण हुनेछ ।

सो सडकमा विभिन्न स्थानमा १२ दशमलव ८८५ किमी लम्बाइको ८९ वटा पुल निर्माण हुनेछ । बुदुनेमा दुई वटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक वटा इन्टरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछ । मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयानुसार सो आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको हो । सो आयोजनाको २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बाराको निजगढमा शिलान्यास गरेका थिए ।

## रसुवागढी नाकाबाट ६५ अर्बको सामान आयात



**रसुवा/मस** – गत आर्थिक वर्षमा रसुवागढी नाकाबाट ६५ अर्ब २२ करोड ६३ लाख बराबरको चिनियाँ सामग्री नेपाल आयात गरिएको छ । आयात गरिएका सामग्रीमा इन्धन एवं विद्युतीय सवारीसाधन, तयारी कपडा, रवर, जुत्ता, चप्पल, हाते झोला, होजियारी कपडा, जुत्ता तयार गर्ने सामग्री, स्याउ, लसुन ओखरलगायत रहेको रसुवा भन्सार कार्यालय टिमुरेका प्रमुख भन्सार अधिकृत रामप्रसाद पाठकले जानकारी दिए ।

निर्याततर्फ भने एक अर्ब ९६ करोड १८ लाख बराबरको तामाका भाँडाकुँडा, गलैँचा, चाउचाउ, पास्ता, जडीबुटी, आल्मोनियमका भाँडाकुँडा, पछ्यौरा, सल, दोसल्ला, बुक व्यान्डिङका कपडा, तयारी कपडासमेत एक अर्ब ९६ करोड १८ लाख बराबरका सामग्री रहेका छन् । आयात भएका सामानको परिमाण घटाई विवरण बुझाउने व्यापारीलाई कानूनबमोजिम जरिवाना गर्ने गरिएको उनले बताए ।

गत आवमा कम परिमाण देखाउने व्यापारीबाट ६१ करोड ६० लाख जरिवाना गरिएको प्रमुख भन्सार अधिकृत पाठकले जानकारी दिए । बस, कार, ट्रक, टाइसाइकल, भ्यानसमेतका सवारीसाधन आयात भएका थिए । गत आवमा सात हजार तीन सय ७७ चिनियाँ सवारीसाधन आयात भएका थिए । सोमध्ये तीन सय ४५ इन्धनबाट चल्ने र सात हजार ३२ वटा भने विद्युतीय सवारीसाधन रहेको अभिलेखकर्ता कम्प्युटर अधिकृत निर्मल कँडेलले बताए ।

गत वर्ष आयात भएका सवारीसाधनको मूल्य १९ अर्ब ५७ करोड ४५ लाख रहेको भन्सारको तथ्याङ्कमा उल्लेख छ । आव २०७९/८० मा एक हजार सात सय मात्र सवारीसाधन आयात भएका थिए । आव २०८०/८१ को भन्सार शुल्क, जरिवाना, भ्याटसमेतको २० अर्ब ३६ करोड ९७ लाख ८२ हजार असुल भई राज्यकोषमा दाखिला भएको भन्सार कार्यालयले जनाएको छ ।

## ३१ अर्ब बराबरको स्मार्टफोन, हेडफोन र चार्जर आयात

**काठमाडौं/मस** – गत आर्थिक वर्ष २०८०-८१ मा स्मार्टफोन, हेडफोन र मोबाइल चार्जरको आयातमा मात्र मुलुकबाट करिब साढे ३१ अर्ब बाहिरिएको छ । भन्सार विभागले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापारसम्बन्धी तथ्यांकअनुसार नेपालले बढी आयात गर्ने वस्तुहरुमा पेट्रोलियम पदार्थ र फलामजन्य वस्तुपछि तेस्रो स्थानमा स्मार्टफोन छ ।




गत आवमा स्मार्टफोन आयातमा मात्र २८ अर्ब ६६ करोड ६२ लाख ३५ हजार बराबर बाहिरिएको हो । यस अवधिमा १८ लाख ३९ हजार ३५ सेट स्मार्टफोन नेपाल भित्रिएका छन् । स्मार्टफोनको आयात सरकारले पाँच अर्ब ३३ करोड ९४ लाख बराबर भन्सार राजस्व उठाएको पनि विभागको तथ्यांकबाट देखिन्छ । गत आवमा एक अर्ब ४२ करोड ९० लाख ८५ हजार बराबरको १७ लाख ५८ हजार छ सय ९० सेट टेलिफोन आयात भएका छन् ।

त्यस्तै, हेडफोन आयातमा मात्र ६५ करोड ९३ लाख २८ हजार विदेशिएको छ । एक वर्षमा २९ लाख ९६ हजार दुई सय २९ वटा हेडफोन आयात गर्दा सरकारले २१ करोड नौ लाख २३ हजार भन्सार राजस्व संकलन गरेको छ । गत आवमा मोबाइल ५० करोड ७१ लाख ६३ हजार बराबरको ४३ लाख ८२ हजार आठ सय ३९ वटा चार्जर आयात भएको छ । चार्जर आयातबाट मात्र १५ करोड ५७ लाख १० हजार राजस्व संकलन भएको छ । गत आवमा ३५ करोड ५१ लाख ४८ हजार बराबरको दुई लाख ३९ हजार छ सय ६९ वटा स्मार्टवाच आयात भएको छ ।

## मौद्रिक नीतिले व्यावसायिक वातावरण बनाउँछ : निर्माण उद्योग परिषद्

**काठमाडौं/मस** – नेपाल निर्माण उद्योग परिषद्ले मौद्रिक नीति व्यवसायको वातावरण सहज बनाउने गरी आएको बताएको छ । शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै परिषद्ले निर्माण क्षेत्रका साथै समग्र वित्तीय क्षेत्र समेत संकटमुक्त भई व्यवसाय गर्न सहज हुनेगरी मौद्रिक नीति आएको बताएको हो । वर्तमान सरकारको पहलमा राष्ट्र बैंकले समस्या समाधान हुनेगरी मौद्रिक नीति सार्वजनिक गरेर उद्योगी तथा व्यवसायीहरुका माग सम्बोधन गरेको भन्दै परिषद्ले मौद्रिक नीतिको स्वागत गरेको छ । चेक तथा जमानत जफत गरी कालो सूचीमा र प्रहरी धरकपड भई गुज्रिरहेको निर्माण क्षेत्रलाई मौद्रिक नीतिले उचित सम्बोधन गरेको र संकटग्रस्त रहेको निर्माण व्यवसाय पुनः सूचारु हुनको लागि मौद्रिक नीति कोसेढुंगा सावित हुने परिषद्का अध्यक्ष खोपनिधि लोहनीले बताए । लोहनीले निर्माण क्षेत्रसम्बन्धी आफुहरुको केही मागहरु यसअघि नै सरकारसमक्ष राखेको भन्दै उक्त मागहरु पनि सरकारले सम्बोधन गर्ने विश्वास व्यक्त गरे ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**